साप्ताहिक

नयाँवर्ष २०८३ को शुभकामना ।

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ३७ २०८३ वैशाख १ गते मंगलबार (Apr. 14, 2026) मूल्य रू. १०/-

## राप्रपालाई रास्वपाको जोल्ट किन ?




रास्वपाले राप्रपालाई उपसभामुख दिन तैयार भएको हो तर नेताकी श्रीमती अघि सारेपछि सभापति रवि र प्रधानमन्त्री बालेनले निर्णय बदले, श्रम संस्कृति पार्टीकी कान्छी सांसद रूवी ठाकुलाई यो मौका दिए । राप्रपाले रास्वपाको जोल्ट पाएपछि असन्तुष्टि जनाइरहेको छ । राप्रपाले किन नेताकी श्रीमती अघि सार्‍यो ? मरिहत्ते गरेर अड्डी कसेर बस्यो ? भन्ने प्रश्नले राप्रपाभित्र अध्यक्ष राजेन्द्र लिङ्देन र ज्ञानेन्द्र शाहीसँग विवाद चुलिएको छ ।

राप्रपाको निर्णयबिना नै उपसभामुखमा सरस्वती लामाको उमेदवारी दिएको थियो । राप्रपाले धोका दिए पनि संसदबाटै माफी दिने कुरा गरेका छन् । सभापति रवि लामिछानेले धोका नदिएको र सहकार्यका खुट्किला बाँकी रहेको बताएका छन् । नेपोटिजमबादी राप्रपाको नीतिका कारण राप्रपा खाली हात हुनपुगेको हो ।



*अब पनि नेपालमा भदौ २३ र २४ को घटना नदोहोरिएला भन्ने कुनै सुनिश्चितता छैन । किनकी पछिल्ला संसदीय गतिविधिमा रास्वपा, नेपाली कांग्रेसको गगन थापा समूह र नेकपाका बीचमा अघोषित एकता देखिएको छ । उनीहरू निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन पद्धतिको व्यवस्था गरेर अनन्त शासन गर्ने मूडामा छन् ।*



*सरकारले साना बचत कर्ता र ठूलो बचत कर्ताको नामकरणले विभाजन र विभेद् नगरी ठग सञ्चालक समूहलाई कडा भन्दा कडा कारवाइ गरी समस्त बचत कर्ताको रकम बिना बिलम्ब फर्काउने व्यवस्था गर्ने आशा सहकारी पीडित जनताको छ । यो समस्या समाधानमा गएका सरकारहरूले जस्तै यो सरकारले पनि आश्वासनमा मात्र नअल्झाउने पिडित जनताको बिश्वास छ ।* **(बिस्तृत पेज २ मा)**

# बालेन नबोल्दा पनि प्रश्नैप्रश्न

जम्माजम्मी १७ मिनेट बोलेर 'घण्टीलहर' नै ल्याएर चुनाव जितेको रास्वपाका बरिष्ठ नेता बालेन साहले अझै सार्वजनिक रूपमा बोलेका छैनन् । भाषण चल्ने देशमा बालेन बोलेनन् । पार्टीका तर्फबाट बोल्नुपर्दा सभापति रवि लामिछानेले बोले । प्रधानमन्त्रीले पहिलो संसद बैठकमा एकशब्द नबोल्दा राजनीतिक बृत्तमात्र होइन, संविधानविददेखि संसदीय प्रणाली बुझ्नेहरूसम्म संसदीय मर्यादा नाघेको तिक्त प्रतिकृया दिन थालेका छन् ।

२०४६ सालदेखि भाषणमात्र सुन्न बानी परेको समाजका विश्लेषकहरू प्रधानमन्त्रीले संसद छलेको भन्छन् । पार्टीको कुरा, कार्यक्रम, सभापतिले बोले, सरकारको कुरा सय दिन काम गरेपछि बालेन बोल्न सक्छन् । चुनावमा बालेनले काम मागे, जनताले काम दिए । प्रधानमन्त्री बनेपछि बालेनको कर्तव्य काम गर्नु हो । बोले जिम्मेवार हुने, नबोले जनतालाई उपेक्षा गरेको ठहर्ने सतही प्रतिकृयाले बालेनलाई छोएको छैन । प्रतिपक्षी सांसदहरूले प्रधानमन्त्रीसँग अहिलेसम्म खरोखालका प्रश्न गरेका छैनन् । प्रश्न उठेका दिन बोल्नुपरे प्रम बालेन साहले बोल्नेछन् । यद्यपि जेनजी पुस्ताको प्रतिनिधित्व गर्ने बालेनले देखाउने काम नै हो । काम गर्नसके, जनताका अपेक्षा संवोधन भए रास्वपा र प्रम बालेनको हाइट स्वत: बढ्छ ।



*रास्वपाका बालेन मन्त्रिपरिषदका सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छ । सम्पत्ति विवरणमा प्रधानमन्त्री देखि मन्त्रीहरूले देखाएको सम्पत्तिमा हजार तोलाभन्दा बढी सुन नै रहेछ । बैंक ब्यालेन्स, जग्गाजमीन प्रशस्तै देखियो । जेनजी आन्दोलनपछि बनेको सरकारमा बस्नेहरू यति धेरै धनी रहेछन् कि उनीहरूलाई भ्रष्टाचार गर्नुपर्ने कुनै आवश्यकता नै छैन । आर्थिक रूपमा सम्पन्नहरूको सरकार देखिन्छ बालेन सरकार । यद्यपि के निहुँ पाउँ कनिका बुकाउँ भन्ने उखानझैं रास्वपा र बालेन सरकारका आलोचकहरू सभामुख डोलप्रसाददेखि प्रधानमन्त्री र मन्त्रीहरूको चकित पार्ने सम्पत्तिको स्रोत के हो ? कसरी यति धेरै सम्पत्तिका मालिक भएका हुन् यिनीहरू भनेर प्रश्न उठाउन थालेका छन् । जबकि यसघि कहिले पनि पदमा नबसेका र राज्यकोष नलुटेकाहरू यतिबेला सत्तामा पुगेका छन् । बिरोधको लागि बिरोध गर्न कै लागि भए पनि बालेन सरकारविरूद्ध अनेक लाञ्छना लगाउने काम भइरहेका छन् । सरकारले के के गर्छ भनेर सय दिन कुर्ने धैर्यता पनि देखिदैन ।*

बालेन साहले शासन शैली नै फेरि दिएका छन् । बालुवाटारमा रहेन शक्ति, शक्ति सिंहदरवारमा केन्द्रित गरिदिएका छन् । काम भएका आउनु, अरूलाई आउने, भीडभाड गर्ने आवश्यकता छैन भनिदिएका छन् । कार्यकर्तालाई पार्टी अफिसमा सम्पर्क अधिकारीलाई भेट्न भनिएको छ । प्रम बालेन बिग्रेको बनाउन, खलबलिएको शासन प्रशासन सच्याउन, सुशासन कायम गराउन कम्मर कसेर लागेका छन् । बन्द भएका उद्योगहरू कसरी खोल्न सकिन्छ, चुपचाप अध्ययन टोली पठाइसकेका छन् । गृहले भ्रष्टाचारका फाइलहरू खोल्न थालिसकेको छ । झण्डै ११ सय राजनीतिक नियुक्ती गर्नुछ, त्यसमा भित्रभित्रै काम भइरहेको देखिन्छ । ३७ वर्षदेखिका फोहर बढार्ने काम बालेनको प्राथमिकतामा देखिन्छ ।

बालेन बोल्लान् र आलोचना गरूँला भनेर बसेकाहरू संसदको पहिलो अधिवेशनमा जिल्लाराम परेका छन् । अब बजेट अधिवेशन सुरू हुनेछ । प्रम बालेनले प्रदेश प्रदेशका सांसदको कुरा सुनेका छन्, सुनेका समस्याको समाधान बजेटमा देखिनुपर्छ । प्रम बालेन काममा विश्वास गर्ने व्यक्ति भएकाले प्रशासकहरूलाई समेत आफ्नो गतिमा काम गर्न निर्देशन दिएका छन् । परिणाम आज प्रशासनिक कार्यालयहरूमा सेवाग्राहीलाई झण्झट देखिदैन । जनताप्रति जवाफदेही व्यवस्थामा जनताका आवश्यकता र अपेक्षा परिपूर्ति गर्ने हो । भाषण त ३७ वर्षदेखि जनताले सुन्दै आएका छन् । भाषणले कुनै लछारपाटो लाएन । झण्डै दुई तिहाईको बहुमतको सरकारमा दम्भ देखिएको छैन, देखिनु हुन्न । यो सरकारले संवाद, सहमति र सहकार्यमा जोड दिनुपर्छ, सबै राजनीतिक शक्तिहरूको सम्मान गरेर अघि बढ्नुपर्नेछ । भ्रष्टाचारमा शून्य सहनशील नीति लागू गर्दै गएको अनुभूति हुनथालेको छ ।

संसदीय समितिको सभापति वैशाख ४ मा चुनिने छन् । सभामुख रास्वपाले र उपसभामुखमा श्रम संस्कृति पार्टीकी जेनजी रूवी ठाकुर चुनिएकी छिन् । मन्त्रिपरिषदका सदस्यका सम्पत्ति सार्वजनिक एका छन् । मन्त्रिपरिषदका सदस्यहरूको सम्पत्ति हेर्दा सम्पन्न देखिन्छन् । सम्पत्तिमा सामाजिक सञ्जालका फलोअर्स पनि जोडिएका छन् ।

## भारतको प्रम बालेनलाई भेट्ने हतार




परराष्ट्रमन्त्री शिशिर खनाल मोरिससमा आयोजित ९औं हिन्दमहासागर सम्मेलनमा सहभागी हुँदा भारतका विदेश मन्त्री एस जयशंकरले बधाई सन्देशका साथमा भारतले पठाएको प्रम बालेन साहको भारत भ्रमणको निम्तो सम्झाएका छन् । दुवै परराष्ट्रमन्त्रीवीचको सहमतिमा प्रम बालेनको भारत भ्रमणको सैद्धान्तिक सहमति बनेको छ । मिति पछि तय हुने बताइएको छ ।

बालेन २ वर्ष विदेश भ्रमण नगर्ने बताए पनि भारतको आग्रहलाई स्वीकार गर्नुपर्ने सुझाव पाएपछि नेपाल-भारतवीचका सम्बन्ध, समस्या अध्ययन गर्दै रहेका प्रम बालेन नेपालको नीति, प्राथमिकता तय भएपछि भारत जाने भएका छन् ।

छिटै भारतका विदेश सचिव भ्रमण तय गर्न नेपाल आउने भएका छन् ।

## संघीयता, राजतन्त्र र हिन्दुराष्ट्र के हुन्छ ?




सरकारले संविधान संशोधनको प्रकृया अघि बढाएको छ, यही संविधान संशोधनको बहस पत्र तयार पार्न गत बुधवारबाट औपचारिक छलफल अगाडि बढाएको छ । पहिलो बैठकमै कार्यदलमा सदस्य रहेका जनमोर्चाका नेता दुर्गा पौडेलले 'हामीले मुख्य रूपमा प्रदेश संरचनाको खारेजी र स्थानीय तहको अधिकार वृद्धिमै जोड दियौं' भनेका छन् । जनमोर्चाका महासचिवले पनि यस्तै धारणा राख्दै अर्को बैठकदेखि आफू सहमागी जनाउ दिएका छन् । जनप्रधानमन्त्री बालेनका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा रहेको कार्यदलको पहिलो बैठकदेखि नै दलीय विचारहरू प्रकट हुनथालेका छन् । नेकपाका अध्यक्ष प्रचण्डले संविधानमा रहेको संघीयता तलमाथि गर्न पाइन्न भनेर सार्वजनिक अभिव्यक्ति दिएका छन् । सार्वजनिक खपतका लागि जे बोले पनि बोल्नुपर्ने र आफ्नो धारणा राख्ने कार्यदलमा हो, कार्यदलले सबै दलहरूसँग बहस थालेको छ ।

कांग्रेसले प्रतिनिधि पठाएको छैन । कांग्रेसले संविधान संशोधन गर्ने भनेर एमालेका अध्यक्ष केपी ओली नेतृत्वको सरकार बनाएको थियो, कुरै नउठाई ओली सत्ताले निरंकूशता देखायो, जेनजी ७६ जनाको हत्या गरेर सत्ताच्यूत भयो । बालेन सरकारले कांग्रेसका पूर्वसभापति देउवा दम्पत्तीमाथि रेडकर्नर नोटिस जारी गर्ने सूचनाबाट तात्तिएको कांग्रेसको ध्यान संविधान संशोधनमा छैन । तथापि कांग्रेस प्रवक्ता देवराज चालिसेले बालेन सरकारसँग कुरा गरेपछि सहभागी हुने भनेका छन् । यता सभापति गगन थापाले भने संविधान संशोधन, सम्पत्ति छानबिनलगायतका सरकारका एजेण्डामा सरकारलाई सहयोग गर्न आफू तैयार रहेको बताएका छन् ।

संविधान संशोधन कार्यदलका एक सदस्यका अनुसार निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक प्रतिनिधित्व, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार तथा प्रदेश संरचनाको सुधारजस्ता विषयमा छलफल अगाडि बढाइने छ । राजनीतिक छलफलपछि विज्ञ, विशेषज्ञ, जनतासँग पनि सुझाव मागिने कार्यक्रम रहेको बताएका छन् ।

संविधान संशोधन जटिल विषय हो । संविधान अपूर्ण भएकैले पुराना दलहरूले संशोधन गर्ने मुद्दा उछालेका थिए । जटिल त शासकीय सुधार, सुशासन, भ्रष्टाचारको अन्त, रोजगारी सिर्जना अनेक अनेक छन् । जटिल स्थितिलाई परिवर्तन गर्नकै लागि बालेन सरकार बनेको हो । जनताले खोजेजस्तो परिवर्तन दिन बालेन बोल्नुभन्दा पनि काम गर्न अग्रसर देखिएका छन् । बालेनले नबोल्दा पुराना राजनीतिक तहतप्कामा तहल्का नै मच्चिएको छ । तर बालेनको शैलीप्रति दक्षिण एसियामा मात्र होइन, विश्वभरि नै चर्चा बढ्दै गएको छ । बालेनलाई कमजोर पार्न रास्वपा अध्यक्ष र प्रम बालेनवीच मनमुटाव सुरू भइसकेका मिडिया ट्रायल सुरू भइसकेका छन् ।

यसैवीच संविधान संशोधनका प्रकृया अघि बढ्दै जाँदा र सुझावहरू संकलित हुँदै जाँदा यो संविधानका कमी कमजोरीको अपरेशन मात्र हुने हो कि पोष्टमार्टम नै गरेर नयाँ संविधान बन्ने हो ? यसबारेमा पनि राजनीतिक र कूटनीतिक बृत्तमा चर्चा परिचर्चा सुरू भइसकेको सुनिदैछ ।



## रेमिटान्समा आधारित अर्थतन्त्र आफ्नो सीमामा पुगेको छ

*गालवबहादुर ढुंगाना*

**अधिवक्ता तथा कानुनी सल्लाहकार, संयुक्त राज्य अमेरिका**

राष्ट्रिय स्वतन्त्र पार्टी (RSP) को तीव्र उदय कुनै राजनीतिक संयोग होइन; यो वास्तवमा अर्थतन्त्रप्रति जनताले दिएको स्पष्ट र कठोर निर्णय हो । मतदाताहरूले केवल नयाँ अनुहारहरूलाई रोजेका छैनन्–उनीहरूले त्यस्तो प्रणालीलाई अस्वीकार गरेका हुन् जसले देशभित्रै सक्षम र दिगो अर्थतन्त्र निर्माण गर्न असफल भएको छ । तर संसदमा नयाँ अनुहारहरू ल्याउनु मात्र पर्याप्त हुँदैन; त्यो परिवर्तनको बाहिरी आवरण मात्र हो । यस जनादेशलाई वास्तविक समृद्धिमा रूपान्तरण गर्न नेपालले आफ्नो श्रमशक्ति विदेश पठाएर अर्थतन्त्र चलाउने दीर्घकालीन संरचनाबाट बाहिर निस्कनुपर्छ, र यस्तो आर्थिक ढाँचा निर्माण गर्नुपर्छ जसले राजनीतिक परिवर्तनको अस्थिरता पनि सहन सक्छ ।

यो चुनौती सामान्य होइन–यो पूर्ण रूपमा संरचनात्मक छ । एकीकृत विकास अध्ययन संस्थान (IIDS) का कार्यकारी निर्देशक डा. बिस्वाश गौचनले २०२५ मा प्रकाशित गरेको प्रतिवेदन अनुसार, हाल करिब २.१ मिलियन नेपालीहरू (कुल जनसंख्याको ७.४%) विदेशमा कार्यरत छन्, र ६४% घरपरिवारहरू रेमिट्यान्समा निर्भर छन् । पछिल्लो एक दशकमा ४.७ मिलियनभन्दा बढी श्रम स्वीकृतिहरू जारी भएका छन्, जसमा ८५% कामदारहरू खाडी मुलुक र मलेसियामा गएका छन् । बाह्य आप्रवासनको दर अझै उच्च छ–वार्षिक रूपमा ५ लाखभन्दा बढी मानिस देश छोडिरहेका छन्, र दैनिक रूपमा २,००० भन्दा बढी व्यक्ति (कामदार र विद्यार्थी दुवै) विदेश गइरहेका छन् । आर्थिक वर्ष २०२४ मा रेमिट्यान्स आम्दानी करिब १०.८६ अर्ब अमेरिकी डलर पुगेको छ, जुन कुल गार्हस्थ उत्पादन (GDP) को करिब २५% बराबर हो । यद्यपि यसले गरिबी घटाउन मद्दत गरेको देखिन्छ–२००० मा ३८% बाट २०२४ मा करिब २०% मा झरेको–तर यसले दीर्घकालीन घरेलु लगानीलाई बलियो बनाउन सकेको छैन । ७०% भन्दा बढी रेमिट्यान्स उपभोगमा खर्च हुन्छ, जबकि केवल १.२% मात्र पूँजी निर्माणतर्फ लगानी गरिन्छ । विश्व बैंकका अनुसार, जुलाई २०२५ देखि जनवरी २०२६ को मध्यसम्म रेमिट्यान्समा उल्लेखनीय वृद्धि भई GDP को ३०% भन्दा माथि पुगेको छ ।

यो मोडेलले केही हदसम्म म्याक्रो आर्थिक स्थिरता त दिन्छ, तर यसले देशभित्र उत्पादन, रोजगारी र औद्योगिक क्षमतामा पर्याप्त वृद्धि गर्न सक्दैन । यसका मानवीय परिणामहरू पनि स्पष्ट देखिन्छन् । मध्यपूर्व द्वन्द्वका क्रममा कुवेतबाट नेपाली कामदारहरूको शव फर्काइएको हालैको घटना ठूलो मात्रामा श्रम आप्रवासनमा निहित जोखिमहरूको दर्दनाक उदाहरण हो । यस्ता घटनाहरू अपवाद होइनन्; यी नेपालजस्तो अर्थतन्त्रको विदेश रोजगारीमा आधारित संरचनात्मक निर्भरताको प्रत्यक्ष प्रतिबिम्ब हुन् ।

RSP का अध्यक्ष रवि लामिछानेले आर्थिक प्राथमिकतामा दलहरूबीच सहकार्यको आह्वान गर्नु केवल राजनीतिक भाषण होइन–यो समयको माग हो । नेपाललाई यस्तो औपचारिक "राष्ट्रिय आर्थिक सहमति" आवश्यक छ जसले सरकार परिवर्तन भए पनि विकासको स्थिर दिशा कायम राखोस् । यस्तो निरन्तरता बिना, नीतिगत अस्थिरताले दीर्घकालीन लगानीलाई निरन्तर निरूत्साहित गर्नेछ ।

विश्वसनीय र प्रभावकारी बनाउन, यो सहमति तीन प्रमुख आधार स्तम्भहरूमा आधारित हुनुपर्छ:

१. ऊर्जा-आधारित औद्योगिकीकरण:

नेपालको ४० गिगावाटभन्दा बढी जलविद्युत् सम्भावनालाई केवल निर्यातको स्रोतका रूपमा हेर्नु हुँदैन । यो घरेलु औद्योगिक आधार निर्माणको मेरूदण्ड हो । सही रूपमा उपयोग गरिएमा, यसले सन् २०४० सम्म नेपाललाई कार्बन-न्युट्रल, यहाँसम्म कि कार्बन-नेगेटिभ उत्पादन अर्थतन्त्रको रूपमा स्थापित गर्न सक्छ ।

२. रेमिट्यान्सको उत्पादक पुन:विनियोजन:

रेमिट्यान्सलाई उपभोगबाट लगानीतर्फ मोडिनुपर्छ । कर प्रोत्साहन, सार्वभौम कोष, र संरचित लगानी संयन्त्रजस्ता नीतिगत उपकरणहरू प्रयोग गरेर यी रकमलाई पूर्वाधार, उद्योग र घरेलु मूल्य शृंखलामा लगानी गर्नुपर्छ ।

३. निर्वाचन-प्रभावरहित आर्थिक रणनीति:

लगानीकर्ताहरूलाई स्थायित्व र पूर्वानुमेयता आवश्यक हुन्छ । मुख्य औद्योगिक र ऊर्जा नीतिहरूलाई कानुनी तथा संस्थागत संरचनामार्फत राजनीतिक परिवर्तनबाट सुरक्षित गर्नुपर्छ । हरेक सरकार परिवर्तनसँगै आर्थिक नीतिहरू फेरिने अवस्था अन्त्य हुनुपर्छ ।

यस सन्दर्भमा, आयातित प्राकृतिक ग्यासमा आधारित मल उत्पादनजस्ता प्रस्तावहरूले दीर्घकालीन बाह्य निर्भरता बढाउने जोखिम बोकेको छ । यस्ता परियोजनाहरूलाई नवीकरणीय विकल्पहरूसँग तुलना गरेर गम्भीर रूपमा मूल्याङ्कन गर्नुपर्छ । नेपालले हरित हाइड्रोजन, हरित अमोनिया र हरित युरियामा आधारित औद्योगिक भविष्यतर्फ लगानी गर्नुपर्छ, जसले आयात निर्भरता घटाउने मात्र होइन, कृषि सुरक्षालाई पनि सुदृढ गर्नेछ । भारत तथा युरोपेली संघका देशहरूले ऊर्जा रूपान्तरण रणनीतिका रूपमा हरित हाइड्रोजनमा अर्बौं डलर लगानी गरिरहेका छन् ।

नेपालको समस्या स्रोतको अभाव होइन; समस्या समन्वित आर्थिक दृष्टिकोणको अभाव हो । वर्तमान राजनीतिक जनादेशले यसलाई सुधार्ने ऐतिहासिक अवसर दिएको छ । नेपालले रेमिट्यान्समा निर्भर अर्थतन्त्रबाट उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्रतर्फ रूपान्तरण गर्न सक्छ कि सक्दैन भन्ने कुरा नीतिगत निरन्तरता कायम गर्ने, राष्ट्रिय प्राथमिकताहरूलाई एकीकृत गर्ने, र दृढ निर्णय लिन सक्ने क्षमतामा निर्भर रहनेछ ।

अन्यथा, वर्तमान मोडेल यथावत् रहनेछ–बाहिर जाने जनशक्ति, भित्रिने रेमिट्यान्स, र सीमित संरचनात्मक परिवर्तन । अब यो मोडेल आफ्नो सीमामा पुगिसकेको छ ।

# मुलुकमा सहकारी पीडित र बालेन सरकार



नारायण प्रसाद मिश्र

एशिया, य्रोप र अमेरिकाका धेरै मुलुकहरूको तुलनामा हाम्रो मुलुक धेरै कुरामा पिछडिएको छ । गरिबीताको रेखा मुनी रहेका धेरै जनता छन् । खान लाउनको समस्या भएका जनताको संख्या पनि कम छैन । शुद्ध पानी र स्वास्थोपचारको समस्या पनि उस्तै छ । नदी र खोलामा झोलुङ्गे पुल सम्मको सुविधा नभई तार बा डोरीमा झूण्डिएको साधारण बाकसमा बसी जीउज्यान खतरामा हाली आवत जावत गर्न पर्ने देशबासी पनि छन् । नाम मात्रको गोरेटो बाटोको भरमा बर्षात झरीहुरीमा समेत बड़ो मुस्किलले डाँडाकाडाँको उकालो ओरालो गरी जीवनयापन गर्न पर्ने गाउँठाउँ पनि हाम्रो मुलुकमा छदैछ । यातायातको अभावले घण्टौ घण्टौ हिडन पर्ने गाउँठाउँ पनि छदैछ । यति मात्र होइन देशमा रोजगारी नहुँदा आफनो बलियो पाखुरा होस् बा मुलुकको लागि काम लाग्ने ज्ञान अनुभव बा सीप होस् आफनो देश बिर्सी बिदेशमा प्रयोग गर्नुपर्ने र बिदेशीको सेवामा लाग्नुपर्ने बाध्यता र दुर्भाग्य पनि नेपालीको छ ।

मुलुकको सरकारले कुनै पनि उपायले समस्त जनताको कल्याण हुने गरी देशको बिकास गरी जनतालाई सुख सुबिधा दिन पर्ने हो । तर मुलुकमा तीन दशक भन्दा बढी समय ब्यतित गरेको प्रजातन्त्र र गणतन्त्रबादी सरकारहरूले प्रजातन्त्रको सट्टा दलतन्त्र र नेतातन्त्र लादी देशमा भ्रष्टाचार, नातावाद कृपाबाद र कुशासन स्थापना गरी आफू आफन्त र आफना आसेपासेहरूलाई मात्र पोस्ने गरेकोले हाम्रो देशको दुर्गति सीमा रहित छ। सुब्यवस्था र सुशासनको लागि गरिन पर्ने कामहरू अनगिन्ति छन् । भ्रष्टाचारीहरूलाई भोलि नभनी कामकारवाई, भ्रष्ट व्यवस्था चलाउन गरिएका संविधान, ऐन कानून नियममा राखिएका प्रावधानहरू खारेज र सुशासनको लागि आवश्यक ऐन नियमको तर्जुमा देखि जनताको सुख सुबिधा काम मामको लागि गरिन पर्ने बिकास निर्माणको काम सम्म असिमित कामहरू छन् ।

यसमध्य यसै अवधिमा फस्टाएका सहकारी नामका बचत तथा ऋण सहकारी संस्थाको नामबाट यिनै राजनैतिक दलका नेता कार्यकर्ताहरूको जालझेल, छलकपटवाट ठगिएका लगभग ७५ लाख जनता अर्थात झण्डै झण्डै देशको एकतिहाई जनताको न्यायको लागि सहकारी संस्थाका ठग सञ्चालकहरूलाई भोलि नभनी कामकारवाई र सजाय गरी उनीहरूको ३ पुस्ता सम्मको जायजेथा कब्जा र लिलाम बिक्री गरी सबैको बचत् रकम यथाशक्य चाडो फर्काउनु पर्ने छ । यस सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टीको बालेन शाह सरकारले सरकार गठन हुने बितिकै बिना बिलम्ब सुझबुझका साथ जनसमक्ष ल्याएको शासकीय सुधारसम्बन्धी सरकारका १०० कार्यसूची अति प्रशंसनीय र स्वागतयोग्य छ । यसबाट यो सरकारले एक आशा लाग्दो सुशासनको मार्ग चित्र र कार्यान्वयन योजना तयार पार्न लागेको देखिन्छ ।

२०८२ चैत्र १६ गते कान्तिपुर अखवारमा प्रकाशित समाचार अनुसार हाम्रो मुलुकमा रहेका ३२००० सहकारी मध्य लगभग १५ हज़ार बचत तथा ऋण सहकारी संस्था मात्र छन् । हामी सबैलाई थाहा छ- देशमा रहेका बिभिन्न नामका बचत तथा ऋण सहकारी संस्थाहरूले मुलुकमा रहेका अरू बिभिन्न बैङ्क जस्तै भई अलि बढी ब्याज दिई जनतालाई आकर्षण गरी जनताबाट अर्बौं अर्बौं रकम मुद्धती र बचत खाता सञ्चालन गरी उठाए । सहकारी संस्थाको नामबाट कृत्रिम नाफा नोक्सान देखाई जनता ठग्न राखिएका यी संस्थाहरू हुन् भन्ने कुरा जनताले बुझ्नै नसकी सरकारको अनुमतीले सञ्चालन गरेको बैङ्क जस्तै भरपर्दो, बिश्वासिलो संस्था सम्झी आफनो पसिनाको कमाइरकम यसमा जम्मा गरे । तर यी संस्थाका राजनैतिक दलका नेता कार्यकर्तासँग सम्बन्ध, सम्पर्क र सहकर्मी भएका ठग सञ्चालकहरूले नियम कानून मिची मिलाई यहा जम्मा भएका रकम बिभिन्न छलकपट गरी अपचलन गरी बिना धितो लगी आफूखुशी गरी संस्था डुवाए । अर्को तिर यहीको रकम लगी बिभिन्न उद्योग धन्दा, महल, भवन निर्माण गरी आफू अर्वपति र खर्बपति मए ।

यसको ज्वलन्त दृष्टान्तको रूपमा एमालेका कुनै बेलाका प्रभावकारी सांसद र एमालेका पूर्व प्रधानमन्त्रीहरू र मन्त्रीहरूका प्रियपात्र धनाढ्य इच्छा राज तामाङको सोल्टि मोड स्थित सिभिल बचत तथा ऋण सहकारी संस्था र सो संस्थाले वागदरबार, धरहरामा खडा गरेको सिभिल मल र सिटिसी मल नामका बिशाल भवन राजधानीको मुटुमानै छ । अर्कोतिर यी ठगहरूले संस्थामा रकम नभएको देखाई जनताको जम्मा गरेको रकम हजम पार्ने दाउपेच रची ७५ लाख जनतालाई रूवाई नमर्नु नसहनु अवस्थामा पुऱ्याए । यति मात्र होइन,यसरी अपचलन गरेको खण्डमा पनि यिनीहरू सजायको भागी नभई उम्कन सक्ने र कथं कदाचित तिर्न पर्ने अवस्था आएपनि यसको ब्याज रकम तिर्न नपर्ने व्यवस्था गर्न ठगी गरेकाले ठग रकमसम्म मात्र तिर्नपर्ने, ब्याज तिर्न नपर्ने प्राबधानसमेत कुनै नियममा समाबेस गरेको कुरा हाल सुन्नमा छ । आफू निक्षेपकर्ता मात्र भएको तर शेयरधनी नभएकोले निक्षेपकर्ताहरूलाई कुनै पनि हिसाबले आफू यी संस्थाहरूको नाफा-नोक्सानसँग हकदार बन्नु पर्छ भन्ने कुरा अवगत नै हुनसकेन । अवगत हुने कुरा भएन ।

साथै यी ठग सञ्चालकहरूले आफनो धन, सम्पति, अर्बौ खर्बौको नगद जिन्सीको शक्ति, प्रभाव र पहुचले सहकारी पीडितलाई न्याय दिलाउन मुलुकमा रहेका मन्त्रालय, विभाग, प्रदेश सरकार, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, सहकारी पीडित संघर्ष समिति, सहकारी संघ बा महासंघ आदि इत्यादि सर्वैतिर सबैठाउँमा पीडितलाई हानी र आफूलाई फायदा गरी आफनो पक्षमा प्रत्यक्ष अप्रत्यक्ष वकालत गर्ने बोल्ने छद्मभेषी अधिकृत अधिकृतहरू समेत समाबेस गरेको र राखिराखेको भन्ने कुरा पनि सर्बत्र चर्चा छ । यसमा यस्ता ठाउँमा प्रतिनिधित्व गर्ने त्यस किसिमका कानूनविद् र वकिलहरू समेत रहेको भन्ने भनाइ छ । सहकारीमा रहेको जम्मा रकम ठगी मुद्दा लागेपछि सावा रकम तिर्नपरेपनि ब्याज तिर्न नपर्ने व्यवस्था मात्रले १० अर्ब रकम जम्मा हुने ठग सहकारीको सञ्चालकले ६/८ वर्षमामात्र मुद्दा फैसला गर्नमा ढिलाई गर्न सके १० अर्ब नै ब्याज रकम फायदा कमाउने स्पष्ट छ । जुनकुरा हाम्रो मुलुकमा सहकारी ठग सञ्चालक र भ्रष्ट नेता कार्यकर्ताको सरकारको मिलोमतोले गरिराखेको भन्ने भनाइ छ । साथै यी सहकारीका कतिपय ठग सञ्चालकहरू हाल जेलामा परेर पनि धनाढ्य भएकै कारण जेलमा पनि शानमान आदर सम्मानका साथ रहिरहेका छन् भन्ने कुरा सुनिन्छ । यी सबै कुरा सुधार गर्ने जिम्मा अहिलेको सरकारमा छ ।

सहकारी संस्थामा राखेको रकमको रेकर्ड सहकारी संस्थामा हुन्छ । यो संस्थाको मुदती बा बचतमा रकम जम्मा गर्ने खातावालासित आफनो रसीद भइहाल्छ । आफूले जम्मा गरेको रकम माग गर्न र पाउन पनि मुद्दामामिला गर्नु पर्ने ब्यवस्था जरूर पनि हुनुहुँदैन । थरी थरीका कार्यालय बा अड्डा अदालत धाउन पर्ने काम कुनै पनि सभ्य मुलुकमा हुँदैन । जुन यहाँ भइरहेको छ । पीडित जनता आफूले जम्मा गरेको रकम फिर्ता पाउन रोइकराई यत्रतत्र भौतारीरहेका छन् । यसमध्य सहकारीमा आफनो यथेष्ट रकम भएर पनि औषधोपचारको रकम सम्म नभई रोगब्याधीले कति मरिसकेकाछन् । मर्दैछन् । पीडा असह्य छ ।

यस प्रसङ्गमा बर्तमान सरकारले यस्ता ठगहरूलाई सजाय गर्न र सहकारी पीडितहरूको सावा रकमको पाउन पर्ने ब्याज रकम समेत एकमुष्ठ फर्काउन, न्याय दिलाउन बिना बिलम्ब ऐनकानूनमा जहा जस्तो सुधार गर्नुपर्ने काम बिना बिलम्ब गर्नु पर्ने देखिन्छ । यी ठगहरूले संस्थामा राखिएको बचत कर्ताहरूको रकम आकाश पाताल जहाँ लुकाएको भएपनि अर्थात इष्टमित्र, साथीभाई, नातागोता जसको नाममा नामसारी गरिसकेको भएपनि बा कही कतै लगानी गरेको भएपनि बिना लामो प्रक्रिया शीघ्र जफत गर्ने ब्यवस्था गर्न पर्ने देखिन्छ । माथि उल्लिखित बर्तमान सरकारको १०० कार्यसूचीको क्रमसंख्या ९९ मा सहकारीका साना बचतकर्ताको बचत फिर्ताको प्रक्रिया १०० दिन भित्र सुरू गर्ने भन्ने एक बाक्य बाहेक अरू देखिदैन । यस सन्दर्भमा माथि उल्लिखित सहकारी सम्बन्धी बुदाहरूमा वर्तमान सरकारको ध्यान जाने आशा गर्छु। वर्तमान सरकारले साना बचत कर्ता र ठूलो बचत कर्ताको नामकरणले विभाजन र विभेद् नगरी ठग सञ्चालक र सञ्चालक समूहलाई कडा भन्दा कडा कारवाइ गरी समस्त बचत कर्ताको रकम बिना बिलम्ब फर्काउने व्यवस्था गर्ने आशा सहकारी पीडित जनताको छ । यो समस्या समाधानमा गएका सरकारहरूले जस्तै यो सरकारले पनि आश्वासनमा मात्र नअल्झाउने पिडित जनताको बिश्वास छ ।

narayanshanti70@gmail.com

# नेपालमा राष्ट्रिय एकता र सहमतीय राजनीतिको आवश्यकता



डा. केशव देवकोटा

नेपालमा बढो बिचित्र ढंगले गत फागुन २१ गते भएको निर्वाचनबाट गठन भएको बर्तमान सरकार पनि बिचत्र ढंगलेनै अगाडि बढ्न खोजीरहेको छ । तर यो सरकारले पनि देशमा शान्ति र प्रगतिको बाटो पहिल्याउन नसक्ने देखिएको छ । नेपाली उखाननै छकि बिहानीले दिनको झल्को दिन्छ । नभन्दै देशमा पछिल्लो समयमा फुट, बिभाजन र कलह बढेर नेपाली जनता तवाह भएका छन् । सबैको चाहना देशमा राष्ट्रिय एकता र सहमतीय राजनीतिक वातावरण बनोस भन्ने हो । हाल देशको आवश्यकता भनेको पनि त्यही नै हो । तर यो सरकारले त्यसको ठीक बिपरितका गतिबिधिहरू गरेकाले सबैमा अन्योल बढेको छ । गत चैत १३ गते बर्तमान सरकार गठन भएको केही घण्टामै जसरी एमालेका अध्यक्ष तथा पूर्ब प्रधानमन्त्रि केपी ओली तथा नेपाली कांग्रेसका नेता तथा पूर्ब गृहमन्त्रि रमेश लेखकलाई बिनाकारण पक्राउ गरेर झुठा मुद्धा लगाउने प्रयास गरेको थियो, त्यसलेनै बर्तमान सरकार राष्ट्रिय एकता र सहमतीय राजनीति बिथोल्ने अभियानमा रहेको स्पष्ट भएको थियो । गत भदौ २३ र २४ गते नेपालमा आन्दोलनको आबरणमा भएको बिध्वंशकाबारेमा पनि २३ गतेकोमात्र आयोग बनाएर छानविन भयो । जसले त्यतिबेलाका आन्दोलनकारी महान हुन् र सत्तामा बस्नेहरूमात्र दोषि हुनभन्ने प्रमाणित गराउन खोजेको थियो । तर सूर्यलाई हत्केलाले छेकेर छेक्न सकिँदैन भनेझै सो आयोगको षडयन्त्र छताछुल्ल भएको छ । बर्तमान सरकारले गत भदौ २४ गतेको घटनाको छानविन गराउन समिति गठनगर्ने भनेपनि हालसम्म गठन भएको छैन । तर सो समिति बनेपनि त्यतिबेला आन्दोलनको आबरणमा ध्वंश मच्चाउनेहरूलाई खुट्याएर कारवाहीको सिफारिस गर्ला भनेर थोरैलेमात्र आशा गरेका छन् । पछिल्लो समयमा प्रतिनिधिसभाको उपसभामुख चयन प्रक्रियाले राष्ट्रिय स्वतन्त्र पार्टीभित्र स्पष्टरूपमा दुई धार र नेपथ्यमा बिभिन्न धारहरू देखिएका छन् । शुरूमा राप्रपालाई समर्थनगर्ने प्रतिबद्धता जनाएको रास्वपाले केही मिनेटमै निर्णय उल्ट्याउँदै श्रम संस्कृति पार्टीकी रूबीकुमारी ठाकुरलाई समर्थन गरेपछि सो पार्टी पनि स्वयं परिचालित नभएको स्पष्ट भएको छ । हुन त सो पार्टीका सभापति रवि लामिछाने स्वयंले सार्बजनिक रूपमै 'अन्य फ्याक्टरले पनि कामगर्दो रहेछ' भनेबाट धेरै कुराहरू स्पष्ट भएका छन् । उपसभामुख प्रकरणमा आकस्मिक निर्णय परिवर्तनले रास्वपामा शक्ति संघर्ष शुरूभैसकेको र सो पार्टीभित्र सभापति रवि लामिछाने कमजोर अवस्थामा रहेको संकेत गरेको छ । यसअघिका नेकां र एमाले लगायतका पार्टीका सरकारहरू पार्टीमा बिचार र संगठन भएरसमेत सत्ता सञ्चालन र निर्वाचनमा असफल भएको कुरालाई धेरैले ब्याख्या र बिश्लेषणको मुख्य बिषय बनाएका छन् । बर्तमान सरकार गठन हुनासाथ एमालेसँग टसल शुरूभएको थियोभने उपसभामुख प्रकरणले रास्वपा र राप्रपाकाबीचमा टसल शुरू गराएको छ । सो प्रकरणमा नेपाली कांग्रेसको गगन थापा समूह र पुष्पकमल दाहाल संयोजक रहेको नेपाली कम्युनिष्ट पार्टी मिसिनुपर्ने कुनै कारण थिएन । तर उक्त दुई पार्टीले रास्वपाको कदममा साथदिएर आआफ्नो अशली संलग्नता स्पष्ट गरेका छन् । रास्वपाको झण्डै दुईतिहाई सांसदले जसलाई समर्थन गर्छन् उही उम्मेदवार स्वतः विजयी हुने अवस्थामा सभापति रवि लामिछानेले उपसभामुखका लागि शुरूमा राप्रपालाई समर्थन गर्ने वचन दिनुभएको भनिएको थियो । तर केही मिनेटभित्रै निर्णय उल्ट्याएर श्रम संस्कृति पार्टीकी सांसद ठाकुरलाई समर्थनगर्ने औपचारिक निर्णय गरिएकाले त्यसलाई अर्थपूर्ण बनाएको छ । बिभिन्न घटनाक्रममा रास्वपाभित्र सो पार्टीका नयाँ नेता तथा प्रधानमन्त्री बालेन्द्र शाह, महामन्त्री बुर्लाकोटी र सांसद मनिष झा एकातिर देखिनु भएको छ भने सभापति लामिछाने सहितमा केही नेताहरू अर्को पक्षमा देखिनुभएको छ । त्यसैगरी गत बिहिवारनै श्रममन्त्रीलाई बर्खास्त गर्ने र शुक्रबार अन्य दुईमन्त्रि थप्ने प्रकरणले पनि रास्वपा बिभिन्न पार्टी र समूहहरूको संयुक्त मोर्चाजस्तो भएको स्पष्ट गरेको छ । प्रष्टता बिस्तारै सार्वजनिक होला ।

खासमा रास्वपामा नेपाली कांग्रेसको गगन थापा समूह र तत्कालीन माओवादी केन्द्रका असन्तुष्ठ नेता तथा कार्यकर्ता धेरै रहेकोभन्ने कुरा पछिल्ला घटनाक्रमहरूले पुष्टि गर्दैलगेका छन् । यस परिघटनाले गगन थापा समूहले रास्वपालाई अगाडि बढाउनकै लागि निर्वाचनको मुखैमा नेपाली कांग्रेस बिभाजन गराएकोभन्ने प्रचारको पनि पुष्टि गरेको छ । गत भदौ यता देशमा जेजस्ता राजनीतिक घटनाक्रमहरू भैरहेका छन्,त्यसको राम्ररी ब्याख्या र बिश्लेषणगर्ने होभने धेरै कुराहरू स्पष्ट हुनपुग्दछन् । देशको अर्थसामाजिक स्थिति, राष्ट्रिय स्वाधीनता, र जनजीविकाका समस्या झन,झन विकराल बन्दैगएको स्पष्ट छ । बिभिन्न जनवर्गबाट मुखरित भएका विरोधका स्वरहरूमाथि दमनगर्न बर्तमान सरकारले लिएका कदमले धेरै कुराहरू स्पष्ट भएका छन् । नेपालमा पछिल्ला दिनमा विदेशी हस्तक्षेप बढेपछि यसले नवउदारवादी आर्थिक सिद्धान्त अपनाउँदै आएको देखिएको छ । त्यही नवउदारवादको परिणामस्वरूप बिभिन्न कालखण्डमा सहयोगी मित्रराष्ट्रहरूले खोलिदिएका उद्योगहरू पनि कौडीको मूल्यमा बेचिएका छन् तर देशमा कुनै नयाँ उद्योगहरू खोलिएका छैनन् । त्यसैले नेपालमा दलाल अर्थतन्त्र फष्टाएको छ र राष्ट्रिय अर्थतन्त्र ध्वस्त बन्दैगएको देखिएको छ । ठूलो संख्यामा नेपालीहरू कामको खोजीमा विदेशजान बाध्यहुनुको पछाडि पनि नेपालको सरकारको नीतिगत कमजोरी रहेको यसअघिका बिभिन्न घटनाले स्पष्ट गरेका छन् । पछिल्ला बर्षहरूमा विप्रेषणको भरमा चलेको नेपाली अर्थतन्त्रसमेत हालैको अमेरिका-इरान युद्धले ध्वस्त हुने र मध्यपूर्वका बिभिन्न मुलुकमा रोजगारीमा रहेका नेतपालीहरू अलपत्र हुने स्थिति बढ्दैगएको छ । देशमा भ्रष्टाचार, महँगी र बिभिन्न किसिमका अनियमितताहरू ब्याप्त रहेका छन् । जसलेगर्दा देशमा जनजीविकाका समस्याहरू भयावह बन्दैगएका छन् । देशका बिभिन्न समस्याहरूको जडभनेकै ०७२ को संविधान र त्यसले स्थापना गराएको बिद्यमान राजनीतिक ब्यवस्था भएको स्पष्ट छ । सोही संविधानको कार्यान्वयनगर्ने प्रयासगर्दा नेपाली कांग्रेस, एमाले र पूर्ब माओवादी केन्द्र हालको अवस्थामा पुगेका हुन् । यतिबेला अमेरिकाका लागि नेपालको छिमेकी चीन प्रमुख प्रतिस्पर्धी बन्दैगएको छ । अमेरिकाले चीनलाई घेराहाल्न नेपालमा हैकम बढाउँदै लगेको देखिएको छ ।

०६३ को राजनीतिक परिवर्तन अघिसम्म भारतमार्फत् नेपालमा आउने गरेको अमेरिका पछिल्लो चरणमा भारतमामात्र भर नपरी सिधै आउन थालेको देखिन्छ । अमेरिकाले नेपालमा सधैका लागि आफ्नो उपस्थिति कायम गराउन शुरूमा संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षता र समानुपातिक निर्वाचन प्रणाली अगाडि सारेको थियो । जसलाई पूर्ब माओवादी केन्द्रमार्फत ०७२ को संविधानमा घुसाउने काम भएको थियो । त्यससँगै संघीय शासनको प्रबेश गराइयो । त्यसलाई नेकां, एमाले र माओवादी केन्द्रले नेपालमा भित्र्याउने र संरक्षण गर्ने/गराउने काम गरेका थिए । त्यसपछि एमसीसी पारित गराउन नेकां र माओवादी केन्द्रको सरकारको रचना गरिएको थियो । अब एसपिपिमा संझौता गर्ने/गराउने र यहाँ दलाइ लामा समूहलाई स्थापित गराएर नेपाललाई दोश्रो तिब्बत घोषित गराउने प्रयासहरू थालिएका छन् । नेपालमा अमेरिकाको पक्षमा जनमत निर्माण गराउन बारबरा फाउन्डेसन, अमेरिकी युथ काउन्सिल, समता फाउन्डेसन, फ्रि तिब्बत स्टुडेन्ट मुभमेन्ट, टिओबी र हामी नेपालजस्ता ३२ वटाभन्दा बढी गैरसरकारी संस्थाहरू सञ्चालन गरिँदै आएको बिभिन्न तथ्यांकहरूले स्पष्ट गरेका छन् । नेपालमा सैन्य अखडा खडागरी चीनविरोधी गतिविधि अगाडि बढाउन अमेरिकाले नेपाल सरकारसँग एसपीपी सम्झौता अनुमोदन गराउन दवाव बढाएको देखिएको छ । यसअघि संघीयता र एमसीसीमा दलहरूको स्वार्थ रहेको थियोभने एसपिपिमा सुरक्षा निकायको स्वार्थ जोड्ने काम भएको देखिएको छ । त्यसैका लागि गत भदौ २३ र २४ को बिध्वंश र त्यस यताका घटनाहरू भएका हुन् । पछिल्लो समयमा देशभक्त शक्तिहरूको दवावका कारण तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले एसपिपिलाई अनुमोदन गर्न/गराउन नसकेपछि हाल देउवाको पार्टी नेपाली कांग्रेसलाई बिभाजन गराएर छिन्नभिन्न बनाइएको र देउवालाई स्वदेशमा बस्नै नसक्ने अवस्था सिर्जना गराइएको देखिएको छ । नेपाली कांग्रेसलगायतका पुराना संसदवादी पार्टीका नेताहरूबाट अमेरिकी स्वार्थ पूरा नहुने देखिएपछि संसद र सरकारमा नयाँ प्रयोग गरिएको स्पष्ट छ । त्यसैले बर्तमान रास्वपाको सरकारले पनि भ्रष्टाचारको नियन्त्रण, भ्रष्टहरूमाथि कार्बाही, सुशासनको प्रत्याभूति र सामाजिक सञ्जालमा ओली सरकारले लगाएको प्रतिबन्ध फुकुवाजस्ता जनताका स्वाभाविक र न्यायपूर्ण मागहरूलाई अगाडि सारे पनि आफै त्यसबिरूद्ध गतिबिधि गरिरहेको देखिएको छ । नेपाली प्रेसलाई नियन्त्रणगर्न बिज्ञापन नीतिमा हेरफेर गरिएको छ ।

अधिकांश युवाहरू रहेको बिद्यार्थी संगठनमा प्रतिबन्ध लगाउने प्रचार गरेर उनीहरूलाई नियन्त्रण गर्ने/गराउने प्रयास भैरहेको छ । मजदूर र कर्मचारीलाई नियन्त्रण गर्न/गराउन ट्रेड यूनियनको बिवाद चर्काउने काम भएको छ । गत भदौ २३ र २४ को बिध्वंश र त्यस यताका गतिबिधिहरू कानूनी राज्यको अवधारणा बाहिरका बिषय भएका छन् । नेपालमा नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीजस्ता पुराना संसदवादी दलहरूप्रति जनताको व्यापक असन्तुष्टि तथा आक्रोशबढाउन केही मिडियाको एकपक्षीय प्रचारबाजी अर्थात् एल्गोरिदमको प्रयोग गरिएको थियो । त्यसपछि सरकारी अधिकारी, सैन्य कर्मचारी तथा गुप्तचर एजेन्टहरूको गोप्य सञ्जाल बनाइएको देखियो । कतिपयले आफूलाई राष्ट्रिय स्वाधीनताको पक्षमा रहेको भ्रमदिन खोजे पनि पछिल्लो चरणमा उनीहरूको राष्ट्रघाती चरित्रको पर्दाफास हुँदैगएको छ । अब पनि नेपालमा भदौ २३ र २४ को घटना नदोहोरिएला भन्ने कुनै सुनिश्चितता छैन । किनकी पछिल्ला संसदीय गतिबिधिमा रास्वपा, नेपाली कांग्रेसको गगन थापा समूह र पुष्पकमल दाहाल संयोजक रहेको नेपाली कम्युनिष्ट पार्टीका बीचमा अघोषित कार्यगत एकता भएको देखिएको छ । उनीहरू निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन पद्धतिको ब्यवस्था गरेर देशको शासन सत्ता अनन्त कालसम्म आफ्नो कब्जामा लिने प्रयास गरिरहेका छन् । जसले देशभक्त नेपालीका लागि राम्रो संकेत गरेको छैन । यो आजको प्रमुख बिचारणीय कुरा हो ।


# डा. पुडासैनीको आँसुले लेखिएको कृति – *कालो आँधी* बजारमा

प्रसिद्ध लेखक एवं कवि डा. दामोदर पुडासैनी 'किशोर' द्वारा लिखित अस्तित्ववादी मनालाप कृति– कालो आँधी बजारमा आएको छ ।

शारीरिक रूपमा अत्यन्त स्वस्थ, हृष्टपुष्ट, सधैँ हँसिलो र सधैं रसिलो डा. पुडासैनीलाई एक्कासी नेजोफेरेन्जियल कार्सिनोमा नामको क्यान्सरले आक्रमण गऱ्यो । क्यान्सर डायग्नोसिस हुने बित्तिकै पुडासैनीले रेडियोथेरापी, किमोथेरापी र अरू धेरै औषधिहरू लिन त शुरू गर्नुभयो, तर, तिनै थेरापीहरू र औषधिहरूको असरले उहाँको शरीर घाउनै घाउको जीर्ण पोको बन्यो, कपाल दाह्री र शरीरको पुरै रौं झऱ्यो, आवाज बन्द भयो, सबै किसिमको स्वाद पूर्णत: हरायो, खान पानी निल्न असाध्यै गाह्रो भयो, उपचारकै क्रममा चौध किलो तौल घट्यो, टोटल ब्लड काउण्ट, सुगर, नुन, प्रेसर सबै घटेर बेला बेलामा मृतप्राय: बनायो । बाँच्ने सम्भावना अत्यन्त क्षिण हुँदा हुँदैपनि डा. पुडासैनीले विज्ञानले गरेको प्रगतिमाथि भरोसा गर्नुभयो र मृत्युलाई जित्ने आत्मविश्वास जगाउँनुभयो । डा. पुडासैनीले मृत्युसँग लड्नुमात्र भएन आफ्ना ताता अनुभव र अनुभूतिहरू सँगालेर एउटा अस्तित्ववादी मनालाप कृति लेख्नुभयो– ***कालो आँधी***। मृत्यु विरूद्ध लडाइँ र जीवनप्रतिको आशाको मधुर धुन गुञ्जिरहेको यो कृतिलाई प्रसिद्ध प्रकाशनसंस्था रत्न पुस्तक भण्डारले भर्खरै प्रकाशमा ल्याएको छ ।

कालो आँधीको भूमिका प्रसिद्ध समालोचक एवं कवि प्रा.डा. नेत्र एटमले लेख्नुभएको छ । उहाँ लेख्नुहुन्छ- 'डा. दामोदरको कालो आँधी सुनाउन लेखिएको होइन, अनुभूत गराउन रचिएको हो । यो छटपटीको बेला वा मनस्तापले ग्रस्त अर्धबेहोसी अवधिमा प्रकटित अभिव्यञ्जना हो । कालो आँधीमा दामोदर पुडासैनी 'किशोर' ले क्यान्सरको निकट पुगेर फर्केको अवधिमा जीवनलाई गहन पुनराबलोकन गरेका छन्, कसले के भन्ला भन्ने कुरालाई बालै नदिई आफ्ना चिन्तन, चिन्ता, विचार र भावनालाई लगभग 'मृत्युनिकटको सङ्कल्पना (डाइङ डिक्लेरेसन) कै रूपमा शाब्दिक प्रदर्शन गरेका छन् । यसले उनका परिवार, आफन्त, पाठक तथा उनी बाँचेको समाजको फलकलाई नै कतिपय कुरामा सोच्न र पुनर्विचार गर्न बाध्य बनाएको छ । यस कृतिमा डा. पुडासैनीले जीवनप्रेम मात्र होइन शक्ति र न्यायसम्बन्धी परिभाषा समेत बदलेका पाइन्छ । यसका कारण कालो आँधी मनालापमा अन्तर्वस्तुको विकास सुन्दर रूपमा भएको छ । साहित्यिक मनालापका प्रमुख रणनीति- निर्वाध आत्माभिव्यक्ति, आलोचनात्मक चिन्तन र अनुभूतिको भाषिक सामर्थ्य जस्ता तीनै पक्षमा डा. दामोदर पुडासैनी 'किशोर'ले यस कृतिमा ठुलो सफलता हाँसिल गरेका छन् । मनालापमा देखिएको फरक चिन्तनले लेखकलाई सामाजिक इञ्जिनियरको सुनिश्चित प्रतिष्ठा प्रदान गर्छ ।'

प्रकाशन संस्था रत्न पुस्तक भण्डारले आफ्नो प्रकाशकीयमा लेखेको छ– 'कालो आँधी जीवनसङ्घर्षको सुन्दर अभिलेख हो । अत्यन्त डरलाग्दा र गहिरा घाउहरू भोग्दाको ताजा बयान हो । पीडा र अभावको विरूद्ध सङ्घर्ष गर्दै जीवनलाई वैभवशाली बनाउने प्रयत्नको कथा हो । जीवनलाई नयाँ पाटोतर्फ मोड्न तत्पर सङ्घर्षको साहसी कथा हो यो । यो कृति अत्यासलाग्दो रोगविरूद्ध डटेर लड्ने हिम्मतको हतियार मात्र होइन, नेपाली समाज र संस्कारलाई उधिनेर नवीन दृष्टिकोणका साथ नवीन मार्गमा डोऱ्याउने असल मार्गचित्रको संरचना पनि हो । काव्यिक भाषाशैली, कलात्मक प्रवाहको लालित्यता, तथ्यको वेगवान स्पष्टता र भावको मनोहारी वहावको संयोजनका कारण डा. दामोदर पुडासैनी 'किशोर' को यो कृति कालो आँधी बहुसंख्यक पाठकको प्रिय स्थानमा रहनेछ भन्ने हाम्रो विश्वास छ । क्यान्सरको दर्दनाक पीडामा फस्दापनि ठूलो हिम्मतसाथ लेखिएको यो कृतिले पुडासैनीले भोगेका पीडा मात्र नभई मान्छे, समाज र विश्वलाई फरक दार्शनिक दृष्टिबाट नियालेर फरक मार्गप्रशस्त गर्न सफल कृतिको रूपमा समेत पाठक समक्ष आएको छ । आफ्नो पुस्तक कालो आँधीका सम्बन्धमा डा. दामोदर पुडासैनी 'किशोर'ले लेख्नुभएको छ– 'जीवन र मृत्युको लडाइँको मझधारमा बसेर लेखिएको मनको आलाप हो– हालो आँधी । यो जीव्न र परिवेश उघिनेर जीवनको मर्म खोतलेको एवं मान्छे र समाजको मूल्य खोतलिएको अभिलेख पनि हो । यसमा रोगलाई केन्द्रमा राखेर समाज, मान्छे र संसारको दार्शनिक ढङ्गले चिरफार गर्ने प्रयास गरिएको छ । यस कृतिमा मृत्युको घातक पञ्जा पन्छाएर जीवनको गोरेटोमा फर्कंदाका अनुभूति छन्, मान्छेको अस्तित्वमा सामाजिक सान्निध्यले पारेका प्रभावहरू छन् र मृत्युले निकटबाट झस्काइरहेको बेला समाजको सामिप्यता र जीवनको अस्तित्वधारी उत्सवका रङ्गहरू पनि छन् । वास्तवमा यो पीडाको आँखुले लेखेको कृति हो ।'




नेपाली साहित्यमा अस्तित्ववादी मनालाप कृति शून्यप्राय: भएकोमा डा. दामोदर पुडासैनी 'किशोर'को कालो आँधी विधा भञ्जक रूपमा विशेष महत्व बोकेर प्रकाशमा आएको छ ।


कालो आँधी डा. पुडासैनीको एक्काइसौं कृति हो । यस अघि उहाँका एघार कवितासङ्ग्रह, सात नियात्रासङ्ग्रह, एक दर्शनसङ्ग्रह, र एक आर्थिक व्यवस्थापन विधाका कृतिहरू प्रकाशित भैसकेका छन् । पुडासैनीका सिमानाका रङ्ग : सिमानाका तरङ्ग र ग्रीष्मको नीलो बतास मदन पुरस्कारको श्रेष्ठ सूचिमा परेका थिए ।

रत्न पुस्तक भण्डारका प्रमुख गोविन्द श्रेष्ठ तथा प्रवन्ध निर्देशक सुरेश श्रेष्ठले डा. दामोदर पुडासैनीको कृति कालो आँधी प्रकाशनको पहिलो दिनमै उल्लेख्य रूपमा विक्री भएको, अहिले देशका प्रमुख बजारहरूमा उपलब्ध भैसकेको र निकट भविष्यमै स्वदेश तथा विदेशका प्रमुख विक्रेताहरू र पाठकहरू समक्ष पुऱ्याइने जानकारी दिनुभयो ।

## दृश्य –नियाल्दा


*अरूणबहादुर खत्री*

लघुकथाकार लता के.सी. को दृश्य नामक लघुकथासङ्ग्रह २०७८ सालमा प्रकाशित भएको छ । यसभन्दा अगाडि उनको चोटदेखि मृत्युसम्म नामक लघुकथासङ्ग्रह २०७७ सालमा निस्केको थियो । यस कृतिभित्र उनले लेखेका सचित्र, अचम्म, एकता, उद्धार, लालच, परिवर्तन, चकलेट, कर्म लगायत विभिन्न शीर्षकका ६१ वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ६१ वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको सचित्र शीर्षकको पहिलो लघुकथामा मलाई त्यो दृश्य हेर्न र सहन गाह्रो भयो । म एक्कासि चिच्याएँ, जनतावाद जिन्दावाद पछि म आफ्नै आवाजले तर्सिएँ र बौरिएँ भनिएको छ ।




यस सङ्ग्रहभित्रका लघुकथामा आन्तरिक तथा बाह्य दुबै दृष्टिबिन्दुको उपयोग भएको छ । लघुकथाको आयाम छोटोछरितो हुन्छ । छोटोको मापन गर्ने एक स्थूल आधार शब्दसङ्ख्या पनि हो । कसैले २५० र कसैले ३०० शब्दलाई एउटा लघुकथाको अधिकतम शब्दसीमा मानेका छन् । समाजसेवाको नमुना शीर्षकको लघुकथामा प्राकृतिक लीला, कसले पो रोक्न सक्छ र ? एकपटक गाउँमा ठूलो भूकम्प गयो । धेरै घरहरू भत्किए, लघुकथाकार लताले लेखेकी छिन् । लघुकथाकार लताका कथाहरू छोटा भए पनि निक्कै अर्थपूर्ण छन् । कथाका विषयवस्तु विविधतापूर्ण छन् । परिवर्तन शीर्षकको लघुकथामा घर बसेर उनी दिक्क हुन थालिन् । दिउँसो कुरा गर्न भनेर एकदिन श्रीमान्ले मोबाइल किनिदिएँ । केही दिनमै उनी सामाजिक सञ्जालमा जोडिइन् भनिएको छ । गोपनीयता शीर्षकको लघुकथामा उनी रातारात भाइरल भइन् । छापा, पत्रपत्रिका, रेडियो, टिभी चारैतिरको मिडियामा उनकै नाम थियो भनेर हिजोआजको कुरालाई लताले लघुकथामा उतारेकी छिन् ।

लघुकथा अहिलेको लोकप्रिय विधा हो । अन्य विधामा स्थापित सर्जकहरू पनि लघुकथामा कलम चलाउन थालेका छन् । दृश्य लघुकथा सङ्ग्रहबाट लता लघुकथाकारको अवतारमा देखिएकी छिन् । कर्म शीर्षकको लघुकथामा काम यसै असरल्ल छाडेर एक्लै टोल्हाएकी उनले टाउकामा प्याट्ट हानिन् र कामतिर ध्यान दिइन् भनिएको छ ।

सङ्ग्रहभित्रका सबै लघुकथाहरू सवाल्टर्निक छैनन् । विषय र विचारगत विविधता लताका कथाहरूको विशेषता हो । चकलेट शीर्षकको लघुकथामा उनले बाबालाई नभन भन्दै सानो छोरालाई चकलेट दिइन् । ऊ मख्ख पऱ्यो । ऊ खाएर दिनभरि सुत्यो भनिएको छ ।

लताका प्राय: लघुकथाले गह्रुङ्गो औपन्यासिक खुराक बन्न सक्ने विषयवस्तुलाई लघुकथाभित्र अटाएका छन् । सूक्ष्मता, तीब्रता, घनत्व, व्यङ्ग्य, सन्देश, पात्रको सन्तुलन र विपरित मार्गबाट जीवनबोध गराउनु लघुकथाको आधारभूत तत्वहरू हुन् । लताको लघुकथाको भाषा सरल, सहज र सुबोध्य छन् । आडम्बर शीर्षकको लघुकथामा मेसेन्जरमा ट्वाङ् आवाज आयो । हेरेँ, निम्तोपत्र रहेछ । भोलिपल्ट समयमा नै पुगेँ । मञ्च निकै सजिसजाउ थियो भनेर लताले लेखेकी छिन् ।

लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ तर अंग्रेजी साहित्यमा भने जति लामो कथालाई पनि सर्ट स्टोरी भन्ने चलन छ । लघुकथाका सम्बन्धमा विविध परिभाषा, बिचार र दृष्टिकोणहरू छन् । जे भए पनि नेपाली साहित्यमा लघुकथाले आफ्नो अलग स्वरूप र विधा ग्रहण गरिसकेको छ । यसै सन्दर्भमा नेपाली समाजको यथार्थ भोगाइहरू यसभित्र लेखिएका लघुकथामा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार लताले मनन गरेकी छिन् । विषयवस्तुका हिसाबले बहुमुखी छन् । लताका लघुकथा उनले देखेको व्यक्ति, समाज र राष्ट्रका साथै सुनेका घटनामा पनि आधारित छन् । यिनका कतिपय लघुकथा समय र स्थान सीमाका रूपमा पनि आएका छन् ।

यस सङ्ग्रहका थोरै लघुकथा शिक्षासम्बद्ध छन् । उजागर शीर्षकको लघुकथामा महिला छात्रावासका व्यवस्थापकको व्यवस्थापन कौशलबाट एउटै केटाले धेरै छात्राहरूको भविष्य विगार्नबाट बचेको देखाइएको छ । गलत शीर्षकको लघुकथामा आफ्ना गल्तीतर्फ ध्यान नदिने शिक्षकप्रति व्यङ्ग्य गरिएको छ । इज्जत शीर्षकको लघुकथामा भोलिपल्ट उत्साह भरिएको मन लिएर आमाछोरा पुगे । बडो तामझाम थियो । वातावरण सजिसजाउ थियो । दिदी पाहुनापासा, नोकरचाकरको रेखदेखमा लागिन् भनिएको छ । लघुकथाकारको व्यङ्ग्य चेत, सामाजिक चेत तथा समसामयिकता प्रशंसनिय छ । लताको लघुकथामा हाम्रो समाजको चरित्र स्पष्ट रूपमा देख्न सकिन्छ ।

लघुकथा आख्यानको लघुतम वा सूक्ष्मम विधा हो । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ । छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ । अन्त्यमा लघुकथाकार लताको अन्य कृतिहरू पनि प्रकाशित भएर हामीहरूले पढ्न पाउने बाचा गरेको छु ।

लेखक: लता के.सी. प्रकाशक: अक्षरधाम प्रकाशन प्रा.लि.

## मुक्तकका प्रयासहरू



अनर्थ नपारी यो अमूल्य जीवन केही गर
जीबनको सुनौलो अध्याय तर्फ आफै सर
लाग्ला धेरै समय, दुख्ला मन धेरै चोटी
आत्म बिश्वासको नदी आफ्नो कर्मले भर ।

**- होमा खनाल, असम**



पढियो गुनियो दिमागै सुन्नियो रोजगार पाइएन
अचुक मेहनतले सपना बुनियो रोजगार पाइएन
देश बनाउन गएका नेताको भेष हराए पछि
आफ्नो दल अनि नेता चुनियो रोजगार पाइएन ।

**- सरोज गौतम, असम**



को शत्रु हुन्छ को मित्र मलाई नसिकाउनु
कसरी दुख्छ यो मुटुभित्र मलाई नसिकाउनु
मुखमा राम गोजीमा छुरा मैले देखेको छु
कस्तो हुन्छ मान्छेको चरित्र मलाई नसिकाउनु ।

**- अर्जुन अधिकारी**



जीवनका बाटोहरूमा कहिले हार त कहिले जीत हुन्छ
कतै बाट अटुट प्रेम भरी कहिले सार कहिले सीत हुन्छ
हुन्छ सबैमा उस्तै दृष्टि कसैका हेराईमा कुठाघार भरिएर
कसैमा ममता भरि प्रेम त कहिले बार कहिले गीत हुन्छ

**- चन्द्रकला आचार्य**



अत्याचारको परकाष्ठा रोकिएको छैन
कानूनमा लेखियो ब्यावहारमा तोकिएको छैन
दिनहु नाबालिकाका शरीर काटकुट पारेका छन्
यौनप्यास मेटाउनेलाई कोर्रा ठोकिएको छैन ।

**- देवी काफ्ले**

## बीडी त्यागी सम्मान



साहित्यकार बीडी त्यागीको स्मृति दिवसको अवसरमा बीडी त्यागी स्मृति केन्द्रले हरेक वर्ष अर्पण गर्दै आएको बीडी त्यागी सम्मान पुरस्कार २०८३ को लागि प्रतिभा चयन गरिएको छ । फागुन ३० गते कृष्ण आचार्यको अध्यक्षतामा उपन्यासकार शङ्कर भारती संयोजक, साहित्यकारहरू त्रिलोचन आचार्य र दुर्गा अधिकारी भमरकोटे सदस्य रहेको प्रतिभा चयन समितिले पुरस्कार घोषित गरेको हो । यसपल्ट साहित्यकार नभएपनि यस वर्ष साहित्यिक क्षेत्रमा अग्रणी भूमिका खेलेको गोकर्णेश्वर नगर पालिकाका प्रमुख दीपक रिसाललाई अर्पण गरिने भएको छ ।

त्यस्तै बीडी त्यागी योगदान सम्मान वरिष्ठ साहित्यकार तथा फित्कौलीका प्रधान सम्पादक नरनाथ लुइँटेललाई अर्पण गरिने भएको छ । बीडी त्यागी स्मृति सम्मान साहित्यकार तथा पत्रकार महेन्द्र चालिसेलाई, एक सय एक रूपैयाँको सिक्का रहेको बी डी त्यागी स्मृति पुरस्कार हास्यव्यङ्ग्यकार देवीप्रसाद चापागाईं र बी डी त्यागी प्रतिभा सम्मान साहित्यकार तथा पत्रकार प्रदीप सापकोटालाई अर्पण गरिने भएको छ । स्रष्टालाई सफल बनाउन वहाँको जीवन साथीको महत्वपुर्ण भूमिका रहने तर सधैं ओझेलमा पर्ने हुँदा यस वर्षदेखि केन्द्रले गौरीत्यागी स्रष्टा जीवन साथी सम्मान थप गरेको छ ।

पहिलो पटक सो सम्मान स्रष्टा श्रीओम श्रेष्ठ रोदनको जीवन साथी ललिता श्रेष्ठलाई अर्पण गरिने भएको छ । सम्मानमा नगद राशि राख्ने नगरिएको सो सम्मान आगामी बैशाख १९ गते बीडी त्यागीको तेइसौं स्मृति दिवसको अवसरमा अर्पण गरिने बी डी त्यागी स्मृति केन्द्रका महासचिव साहित्यिक पत्रकार निबन्ध आचार्यले जानकारी दिनुभएको छ । जीवनभर लेखन कार्यमा लागे पनि प्रकाश र चर्चामा आउन नचाहने साहित्यकार बी डी त्यागीको २०६० साल बैशाख १९ गते निधन भएको थियो ।

## चालिसेको रङ्गभेद लोकार्पित




महेन्द्र चालिसेको रङगभेद विमोचित भएको छ । विमोचन कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यिक रोचक घिमिरे, सभापति साहित्यकार गङ्गा कर्माचार्य पौडेल, गोकर्णेश्वर नगरपालिका प्रमुख दीपक रिसाल, बुनपा ९ का वडा अध्यक्ष राजिव थापा, लेखक महेन्द्र चालिसे, लेखक पत्नी इन्दिरा चालिसे, समिक्षक द्वय ठाकुर शर्मा, गोपी मैनाली र सम्पादक निबन्ध आचार्यले संयुक्त रूपमा पुस्तक विमोचन गर्नुभएको थियो । लेखक महेन्द्र चालिसेले लेखकीय सहित स्वागत मन्तव्य दिनुभएपछि लघुकथा गान बजाएर कार्यक्रम उद्धाटन गरिएको थियो भने समिक्षकहरू ठाकुर शर्मा र गोपी मैनालीले समिक्षा गर्नुभएको थियो ।




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## बालेन सरकार सफल हुने सूत्रहरू

जेनजी पुस्ताले सत्ता पल्टाएपछि सत्ता बनाए पनि । चुनावमा जेनजी पुस्तालाई जनताले साथ दिए, समर्थन दिए, भारीभरकम जनादेश पनि दिए । नेपालको राजनीतिक इतिहासमा जेनजी पुस्ताको आन्दोलनले अभूतपूर्व ऊर्जा हो यो । २७ घण्टामै सत्ता ढालेर ६ महिनाको अन्तरालमा भएको आवधिक निर्वाचनमा पनि जेनजी पुस्ताले सफलता पाएका हुन् । सरकार, संसदमा जेनजी पुस्ताको प्रतिनिधित्व भएको छ । आन्दोलनकारीबाट शासनकर्ताको रूपमा स्थापित भएका छन् जेनजी पुस्ता । सरकारमा त पुगे, नीतिनिर्माता पनि बने, यो शक्तिलाई स्थिर सरकार र राजनीतिक मुद्दाहरूलाई किनारा लगाउन सजिलो छैन । रास्वपा र बालेन साह सरकार भनेकै जेनजी पुस्ताको सरकार हो, यो सरकार सफल बनाउन आवश्यक सूत्रहरू अपनाउनै पर्नेछ ।

पहिलो सर्त हो दृष्टि र नीति: भदौ २४ अघि विद्यमान सत्ता ढाल्न जेनजी पुस्ताले जनताको आक्रोशलाई प्रतिनिधित्व गरे । तत्कालीन सरकारबाट जेनजी पुस्ताका युवाको रक्तपात भएपछि जनता जेनजी पुस्तासँग जोडिए, साथ दिए । शासनमा पुगे । शासनमा जनताको निरन्तर समर्थन कायम राख्न स्पष्ट दृष्टि र ठोस नीति अपरिहार्य छ । भ्रष्टाचार नियन्त्रण गर्न, सिर्जना, न्यायको अनुभूति र पारदर्शिता तत्कालै जनताले अनुभूत गर्नसक्ने तरिकाले शासकीय सुधारका रूपमा सरकारले काम गर्नैपर्छ । यसबाहेक शिक्षा, रोजगारी र आर्थिक पुनर्निर्माणलाई प्राथमिकतामा राखेर नीति, निर्णय र कार्यान्वयनमा जानसके जनतामा विश्वास जगाउन सकिन्छ ।

संस्थागत स्थायित्व: सडक आन्दोलनबाट सरकारमा पुगेपछि त्यो उर्जालाई, मतादेशलाई संस्थामा रूपान्तरण र सुशासन सफल सरकारका लागि अब आन्दोलन होइन, काम देखिनुपर्छ । जनतासँग गरेका करार र बाचापत्र मन्त्रका रूपमा जपेर र त्यही अनुसार काम गर्नुपर्नेछ । हुन त प्रधानमन्त्री बालेन साहले पहिलो संसद बैठकमा बोल्दै नबोली अधिवेशन टुङ्गिएको छ । बोल्न जरूरी थिएन, बोलेनन् । प्रम बालेनले भनेका पनि छन्, म काम गर्ने मान्छे हुँ, भाषणमा विश्वास गर्दिन । एक्सन चरित्र देखाएका पनि छन् ।

शासकीय सुधार गर्ने सय बुँदे नीतिमै टेकेर कानुनी संरचना पुन:स्थापना र प्रशासनलाई निष्पक्ष बनाउने कार्य अनिवार्य छ । कानुन सबैभन्दा बढी राजनीतिकरण भएको छ । जेनजी आन्दोलन दबाउने सरकार प्रमुख र गृहमन्त्री ओली र रमेश लेखकलाई अदालतले कानुनअनुसार २५ दिन थुनामा राखेर अनुसन्धान गर्ने समय पनि पाएन, जमानीमा छोड्नु परेको छ । ३७ वर्षदेखि अदालतलाई राजनीतिक भागबण्डाको बिषय बनाएको सम्झना यो घटनाले देखाएको छ । अदालतको आदेश सरकारले मान्यो र उनीहरूलाई रिहा गरिदियो तर सरकारले थुप्रै फाइल खोलिरहेको छ, देउवा र आरजु राणामाथि पनि पक्राउ पूर्जी जारी गर्ने तैयारी गरेको छ ।

जेनजी पुस्ताको सरकारले राजनीतिक संस्थाहरूलाई बलियो बनाएर दीर्घकालीन स्थायित्व सुनिश्चित गर्नुपर्छ । संवाद, सहमतिको नीति छाड्नु हुन्न ।

नेतृत्वमा परिपक्वता: अनुभव र उत्साहको संयोजन गर्नेतिर ध्यान दिनुपर्छ । किनकि नयाँ नेतृत्वमा उत्साह छ, शासन गर्ने अनुभव कम छ । राजनीतिक दाउपेच जेनजी पुस्तालाई थाहै छैन । स्वच्छ अनुभवीहरूको सुझाव लिनु उचित हुनेछ । युवा पुस्ताको उत्साह र अनुभवको संयोजन आवश्यक छ । जनसमर्थन छ, कायम राख्न जनआवाज संवोधन हुनुपर्छ । समानुपातिक प्रतिनिधित्व र प्रवासीको माग पूरा गर्नुपर्छ । जनतामा निरन्तर पुग्नुपर्छ । आर्थिक पुनर्निर्माण: प्राथमिकता हो । जनताले गरिखान पाउने वातावरण बन्नुपर्छ । जेनजी पुस्तामा क्षमता छ, इतिहास निर्माण गर्नुपर्छ ।

# २७ घण्टामा सत्ता ढाल्नेको अर्जुनदृष्टि कस्तो ?




२७ घण्टामा ३७ वर्षसम्म जब्बर बनेर टाँसिएको सत्ता ढाल्न सक्ने घटना ऐतिहासिक घटना थियो । त्यो अभूतपूर्व उर्जा, क्षमता र साहस सत्तामा पुगेको छ । सुशासन कस्तो हुन्छ ? विधिको शासन कसरी स्थापित गर्ने ? राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गर्ने उदारता कस्तो हुन्छ ? समानता र समानुपातिकको अर्थ र हिमाल, पहाड र तराईको एकता निर्माणको औचित्य सावित गर्ने गुरूत्तर दायित्व जेनजीपुस्ताले निर्माण गरेको पार्टी र बालेन सरकारको काँधमा भारका रूपमा देखिएका छन् ।

जेनजी पुस्ताले आन्दोलनको बल र जनताको समर्थनलाई स्थिर सरकारको रूपमा रूपान्तरण गर्नुछ, जुन सजिलो कार्य कदापि होइन । जेनजी पुस्ताको सरकारप्रति जनताको अगाध विश्वास छ, यो सरकारले केही गर्छ भन्ने त्यो विश्वासलाई पूरा गर्नु बालेन सरकारको कर्तव्य हो । यो सरकार पनि असफल भयो भने जनताले फेरि भन्न थाल्नेछन्- जेनजी पुस्तामा पनि भर गर्न सकिएन । जुन जोगी आए पनि कानै चिरिएका ।

त्यो दिन नआओस्, त्यस्तो जननैराश्यता देख्नु नपरोस्, जनताले जेनजी पुस्तालाई त्यस्तो भनेको सुन्नु नपरोस् । असन्तुष्टि र आन्दोलन, शासन र आसन भिन्न कुरा हुन् । शासन गर्न र सुशासन दिन त्याग र तपस्या चाहिन्छ, स्वार्थबाट मुक्त हुनुपर्छ । बालेन सरकार उज्यालोको प्रतिक बनेको छ । आफ्नै श्रीमतीलाई गैरकानुनी तरिकाले वीमा समितिमा नियुक्त गर्ने मन्त्रीलाई १३ दिनमै हटाइदिएर उदाहरणीय बनेको छ । रास्वपाले नातावादमा नलाग्न खबरदारमात्र गरेको छैन, मन्त्रीहरूलाई काम गर्न दिन भीडभाडा नगर्न आदेश जारी गर्दै आफ्ना कुरा पार्टीमा भन्न जनप्रतिनिधि उपलब्ध गराउनु पनि प्रशंसनीय छ ।

प्रधानमन्त्री बनेर महानगरपालिकाका मेयर बालेन साह नेपाली राजनीतिको एउटा अद्वितीय पात्र बनेका छन् । राजनीतिमा स्वतन्त्र उम्मेदवारको रूपमा उदाएका बालेनले परम्परागत दलहरूको वर्चस्वलाई चुनौती मात्र दिएनन्, जनताले खोजिरहेको वैकल्पिक नेतृत्वको प्रतीक बने । यसले उनलाई इतिहास निर्माण गर्ने अवसर दिएको छ । तर मेयरबाट प्रधानमन्त्री बनेका बालेन साहका सामु चुनौती बढी छन् ।

प्रम बालेन साहले फुकी फुकी कदम चाल्नुपर्छ, कम बोल्ने-बढी काम गर्ने बालेनको शैलीले सबैलाई खिचेको छ ।

संरचनात्मक चुनौती र अवसर

एउटा मेयर प्रधानमन्त्री बन्न सक्नेरहेछ, जनताले मन पराएपछि स्थापित दलहरू बिस्थापित हुनेरहेछन् । फागुन २१ को चुनावले यही दृश्य देखाएको छ । हुन त जेन जी आन्दोलन, अन्तरिम सरकार र चुनावमा धेरै विषयहरू चर्चामा छ । षडयन्त्र भयो भन्ने पनि छ । जे भए पनि चुनावमा जनताले परिवर्तन खोजेकै हुन् । जनताका सामु झुकेर माफी नमाग्दा, आत्मसमीक्षा गर्न नसक्दा स्थापित र संगठित दलहरू कमजोर सावित हुनपुगे । काठमाडौं महानगर नेपालको राजनीतिक, आर्थिक र सांस्कृतिक केन्द्र सफल नेतृत्वपन देखाउँदा बालेन साह र रास्वपाका सभापति रवि लामिछानेको जोडीले नेपाली राजनीतिललाई यू टर्न नै दिलाइदिए । जनताले विश्वास गरेपछि जुनसुकै आक्षेप लगाए पनि नतिजाले जनताको मत, जनादेशलाई नै प्रमाणिकता मान्छ ।

यो गजबको मोडल राजनीति सुरू भएको छ । ०४६ सालपछिको ३७ वर्षपछि आएको नयाँ मोडेल हो । यो मोडेलमा बालेन साहले पारदर्शिता, दक्षता र परिणाममुखी शासनलाई प्राथमिकता दिन सके भने, यो मोडेल अन्य स्थानीय निकायका लागि पनि प्रेरणा बन्न सक्छ । विश्वराजनीतिमा समेत नेपालको यो मोडेलले अर्थपूर्ण उदाहरणको दर्जा पाउन सक्छ । नेपालमा पुराना संरचनागत समस्या–जस्तै भ्रष्टाचार, असक्षम प्रशासन, र राजनीतिक हस्तक्षेप–बालेन सरकारका अवरोध हुन् । यी अवरोध पन्छाउन प्रयत्न सुरूभएको छ । यो प्रयत्नमा स्थापित पुराना दलहरूले पूर्वाग्रहपूर्ण कारवाही थालेको भनेर बिरोध सुरू गरेका छन् । अहिलेसम्म बालेन सरकारलाई जनताले केही गर्छ भनेर आशा राखिरहेकाले जनस्तरमा पुराना दलहरूको बिरोधले केही अर्थ देखाएको छैन । तथापि आफ्नो सय बुँदे कार्यक्रम पूरा गर्न सकेनन् र जनअपेक्षामा तुषारापात हुनपुग्यो भने, बालेन र रविकै कानको जाली जन-घण्टीको आवाजले फुटाउने पक्का छ । पाइला पाइलामा हेक्का राख्नुपर्छ बालेन सरकारले कि कुनै नेपोटिजम, असमानता, विभेद, निषेध, पूर्वाग्रह देखिनु हुन्न । सक्षमलाई अवसर दिनुपर्छ, समानता र विधिको शासनमा कत्ति पनि खेलाँची हुनुहुन्न ।

जनअपेक्षा र वैकल्पिक राजनीति

बालेन साहलाई जनताले परम्परागत दलहरूको असफलताबाट निराश भएर चुनेका हुन् । यसकारण बालेन सरकार, रास्वपा जनआशा, जनअपेक्षाको परिणाम हो । जनादेशले बालेन, रविलाई मात्र लोकप्रिय बनाएको छैन, बरू वैकल्पिक राजनीतिको सम्भावनालाई पनि उजागर गरेको छ । ३७ वर्षपछि उजाएको बैकल्पिक राजनीतिमा परिवर्तन जनताले देख्न पाउनुपर्छ । बालेन साह र रास्वपाले जनअपेक्षालाई पूरा गर्न सकेन दण्डित हुनेछ भने राम्रा र अपेक्षित काम गर्न सके, जनतासँग गरेको करार र बाचापत्र पूरा गरियो भने, बालेन, रवि र रास्वपाको भविष्यमा विश्वास बढ्नेछ ।

इतिहास निर्माणको सम्भावना

मेयरको रूपमा राजधानीमा जुन प्रकारले बालेन साहले केही राम्रा र उदाहरणीय काम गरेर जनता र कूटनीतिज्ञहरूको पनि विश्वास जित्न सकेका थिए, त्यस्तै काम प्रधानमन्त्रीको रूपमा गरे भने बालेन स लाई सफल नेतृत्वको उदाहरण बनाउन सक्छ ।

बालेन सरकारले संस्थागत पारदर्शिता: बजेट, ठेक्का प्रक्रिया, र निर्णय प्रणालीलाई खुला र उत्तरदायी बनाउन सके भने, यो दीर्घकालीन सुधार हुनेछ । सबैले वाहवाही गर्नसक्छन् ।

मेची महाकालीका सम्पदालाई पर्यटन आकर्षण बनाउन र सांस्कृतिक पुनर्जागरण: काठमाडौंलाई ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षणमा विश्वस्तरमा चिनाउन सक्ने अवसर पनि छ । बालेन साह र रास्वपाका अग्नि परीक्षा सुरू भइसकेका छन् ।

जोखिम र सीमाहरू

बालेन साहको लोकप्रियता व्यक्तिगत करिश्मामा आधारित छ । यदि संस्थागत सुधार नभए, यो लोकप्रियता क्षणिक हुनसक्छ । अवसरहरू छन्, जोखिम र सीमाहरू पनि साथसाथै रहेका छन् । स्थापित राजनीतिक दलहरूको प्रतिरोध र भ्रष्ट बनिसकेको प्रशासनिक जटिलताले रास्वपाको योजनालाई कमजोर बनाउन सक्छ । जनता कुर्न सक्दैनन् । लामो समय निराश बनेपछि मौन बिद्रोह गरेर जनताले रास्वपालाई ऐतिहासिक जनादेश दिएका हुन् । जनताले तत्काल परिणाम चाहन्छन्; ढिलो भएमा असन्तोष बढ्न सक्छ । यो विषय बालेनका लागि सबैभन्दा ठूलो जोखिम हो ।

निष्कर्षमा भन्नुपर्दा बालेन साहलाई इतिहास निर्माण गर्ने अवसर छ–तर यो अवसर व्यक्तिगत लोकप्रियताभन्दा बढी संस्थागत सुधारमा निर्भर रहने छ । यदि उनले काठमाडौंलाई पारदर्शी, दक्ष, र आधुनिक महानगरमा रूपान्तरण गर्न सके भने, उनी केवल सफल मेयर मात्र होइन, वैकल्पिक राजनीतिको ऐतिहासिक मोडेलका रूपमा दर्ज हुनेछन् । बालेन साहले बीबीसी र अमेरिकी पत्रकारलाई अन्तर्वार्ता दिएनन्, मलाई काम गर्नुछ भनेर फर्काइदिएका छन् । यो घटनालाई पत्रकारहरूले बालेनले केही गर्छन् भन्ने आशलाग्दो टिप्पणी गरेका छन् ।

नेपालमा परिवर्तन गर्ने अभूतपूर्व अवसर बालेन साह र रास्वपालाई प्राप्त भएको छ । बालेन र रविको ब्राण्डिङले केही आशा जगाएका छन् । जनतामा पलाएको त्यही आशा पूरा गर्ने जिम्मेवारी चुनावमार्फत जनताले दिएका छन् ।

धेरै कम बोल्ने, भाषण सकभर गर्दै नगर्ने, अपार साहस भएका र हक्की स्वभावका बालेन साह प्रधानमन्त्री बनेका छन् । बहुदलदेखि लोकतन्त्र कालको राजनीतिक असफलताले पनि बोल्नेभन्दा काम गर्ने व्यक्तिको आवश्यकता थियो, जुन जनताले चुने, देशले पायो, बालेनलाई अवसर आयो । राजनीतिक दलहरूले नीति, निष्ठा, सिद्धान्त छाडे, नैतिकता गुमाए, भ्रष्टाचारमा डुबे, नाताबादभन्दा बढी केही देखेनन् । यसबाट निराश भएका जनतामा आशा जगाएको छ । सिंहदरवार गाउँपालिकासम्म पुऱ्याउने भनेर पुराना दलहरूले भ्रष्टाचारलाई व्यापक बनाएका थिए । त्यसलाई करेक्शन गरेर बिकासको गति र समान अवसरहरू सिर्जना गर्नुछ । बालेन साहले प्रधानमन्त्रीका रूपमा सरकारी सेवाको विधि, प्रक्रिया, सार्वजनिक प्रशासन, विकासका मोडल, सरकारी काम गर्ने तौरतरिका लगायतका समग्र विषयमा गम्भीर समीक्षा र गर्नुपर्ने परिवर्तनका खाका कोर्न थालिसकेका छन् । बालेन साह र रवि लामिछानेको संयुक्त प्रयासलाई जनताले विश्वासमात्र गरेनन्, जनादेश, मतादेश र समर्थन गरिदिएका छन्

बालेन साहले ३७ वर्षका ती काला दिनहरूलाई बिर्साउने गरी काम गर्नुपर्नेछ । काम गरेरै स्थिरता, शान्ति र समुन्नतिको उज्यालो ल्याउनु छ । बिभेद, निषेध र प्रतिषोधका लेउ, काईलाई कोतरकातर पारेर मिल्काउनुछ । संवाद, सहमति र सहकार्यको राजनीतिक संस्कृति बसाल्नुछ । यही संस्कृतिको माध्यमबाट जति पनि राजनीतिक गिजोलिएका मुद्दाहरू छन्, तिनलाई समाधान दिनुपर्नेछ ।

संवाद, सहमति र सहकार्यको संस्कृति बसाल्न र परिवर्तनको अनुभूति गराउन सक्लान् त बालेन साहले ? यसको जवाफ समयले दिनेछ । समयभन्दा बलवान कोही छैन । राजनीति भनेको कहिलेकाहीँ कि त चपरीमुनीको बास, कि हस्तिनापुरको राज बन्नजान्छ ।

यतिबेला बालेन साह र रास्वपा अध्यक्ष रवि लामिछानेलाई हस्तिनापुरको राज मिलेको छ । पुराना दल र नेताहरू किनारा पुगेका छन् । समयलाई के मञ्जुर छ कसलाई के थाहा ? ३७ वर्षमा सत्ता फेरि परिवर्तन भएको छ । राजनीति सधैं परिवर्तनशील हुन्छ । भन्न सकिन्न, जनताको समर्थन चित्त नबुझेको अवस्थामा फेरिन पनि सक्छ । राजनीतिले कोल्टे फेर्न कुनै आइतवार कुरिरहदैन ।

यसकारण बालेन साह सरकारले गर्ने पल पलको कामको समयले खरी घसिरहेको छ । यो कुरा मेयरबाट प्रधानमन्त्री बनेका बालेन साहले नबिर्सियुन् ।






Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# सरकारको दुई दिनको बिदा नीति कति प्रभावकारी ?



डा. केदार काकी

नेपालमा, जुद्ध शमशेरको शासनकालमा मात्र शनिबारको बिदा सुरू गरिएको थियो । त्यतिन्जेलसम्म, सरकारी कार्यालयहरूमा काम गर्ने मानिसहरूले “एकादशी’ (चन्द्र पन्ध्र दिनको ११औं दिन) मात्र बिदा पाउँथे । अनि बहुदलीय लोकतन्त्रको पुनर्स्थापना पछि, समावेशी हुने प्रयासमा, नेपालले सबैभन्दा धेरै बिदा दिने देश बन्यो र हाल ३१ दिन बिदा छ, जुन अझै पनि विश्वकै उच्च संख्याहरू मध्ये एक हो ।

नेपाल कहिल्यै पनि बेलायती उपनिवेश थिएन, त्यसैले त्यहाँ क्रिश्चियन परम्पराको प्रभाव कम थियो । क्रिश्चियन प्रभाव भएका देशहरूमा आइतबार बिदा हो, तर नेपालले यसलाई अपनाएन । धार्मिक र सांस्कृतिक कारणले गर्दा यो परम्परा बिस्तारै बलियो हुँदै गयो ।

सरकारी कर्मचारीहरूका लागि दुई दिनको साप्ताहिक बिदा नीति, विशेष गरी नेपाल जस्ता सन्दर्भहरूमा, दक्षता सुधार गर्ने, घरेलु पर्यटन प्रवर्द्धन गर्ने र प्रशासनिक तथा आर्थिक लागत घटाउने उद्देश्यले गरिएको संरचनात्मक समायोजन हो । ऐतिहासिक रूपमा, एक दिनको सप्ताहांत (शनिबार) बाट दुई दिनको सप्ताहांत (शनिबार-आइतबार) मा परिवर्तन प्रायः कर्मचारी कल्याणको लागि भन्दा पनि इन्धन संकट वा उच्च प्रशासनिक लागतजस्ता आर्थिक दबाबको समयमा लागू गरिन्छ । धेरैजसो संघीय कर्मचारीहरू तोकिएको बिदामा कामबाट छुट पाएमा तलबी बिदाको हकदार हुन्छन् । संघीय कर्मचारीहरू तोकिएको बिदाको समयमा काम गर्न आवश्यक पर्दा छुट्टी प्रिमियम भुक्तानीको हकदार हुन्छन् । पाँच दिनको हप्ताको अवधारणा संसारमा एकदमै नयाँ छ । सप्ताहांत बिदाको इतिहास हेर्दा, अमेरिकी कार निर्माता हेनरी फोर्डले आजभन्दा ९९ वर्ष अगाडि १९२६ मा काम गर्ने समय ६ बाट घटाएर ५ दिन बनाएका थिए । उनका छोरा एडसेल फोर्डलाई उद्धृत गर्दै, न्यूयोर्क टाइम्सले लेखेको छः “हरेक मानिसलाई आराम र मनोरञ्जनको लागि हप्तामा १ दिनभन्दा बढी चाहिन्छ ।’ प्रत्येक व्यक्तिलाई गुणात्मक रूपमा बाँच्नको लागि, उसले आफ्नो परिवारसँग बढी समय बिताउने व्यवस्था गर्नु आवश्यक छ ।

चीनमा, २० औं शताब्दीको अन्तिम दशकमा मात्र पाँच दिनको हप्तामा सर्ने निर्णय गरिएको थियो । संसारको ९५ प्रतिशत भन्दा बढीले सामान्यतया पाँच दिनको काम हप्ता पछ्याउँछन्, ४० देखि ४८ घण्टा काम गर्छन् । इस्लामिक देशहरूमा पनि, तिनीहरू दुई दिनको विश्राममा मेलमिलाप गरिरहेका छन्, सामान्यतया शुक्रबार र शनिबार, तर हालै, संयुक्त अरब इमिरेट्सले शनिबार र आइतबारको विश्राममा सरेको छ र शुक्रबार प्रार्थनाको लागि खाजाको समय बढाइएको छ । विश्वका ८८ देशहरूमा हप्तामा दुई दिन सार्वजनिक बिदा दिइन्छ ।१२ प्रतिशत देशहरूले हप्तामा एक दिन मात्र बिदा दिन्छन् ।

मध्यपूर्वमा जारी द्वन्द्वका कारण एसियाली देशहरूमा ऊर्जा प्रवाहमा अवरोध पुगेको अवस्थामा देशमा बढ्दो इन्धन संकटलाई सम्बोधन गर्न नेपालले आइतबार सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा एक दिनको साप्ताहिक बिदा दुई दिन विस्तार गर्ने घोषणा गरेको छ ।दक्षिण एसियाली पहाडी देश नेपालमा तेलको कुवा वा जीवाश्म इन्धनको अन्य स्रोत छैन र सरकारी तेल एकाधिकार, नेपाल आयल निगमले आफ्नो सबै इन्धन भारतबाट आयात गर्छ, जबकि मध्य पूर्वमा लामो समयदेखि चलिरहेको युद्धका कारण भारतमा पनि इन्धन संकट गहिरिँदै गइरहेको छ । गत हप्ता उड्डयन इन्धनको मूल्य लगभग दोब्बर भएकोले नेपालको पर्यटन-आश्रित अर्थतन्त्रमा नयाँ धक्का लाग्ने डर बढेको छ । घरेलु र अन्तर्राष्ट्रिय उडानहरू सञ्चालन गर्ने एयरलाइन्स कम्पनीहरूले हवाई भाडा बढाएकाले हवाई इन्धनको मूल्यमा भएको तीव्र वृद्धिले यात्रुहरूलाई असर गरेको छ ।सरकारले पुराना डिजेल र पेट्रोल सवारी साधनलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गर्न अनुमति दिने नीतिगत निर्णय पनि गरेको छ ।

नेपाली समाज र परिवारमा संरचनात्मक परिवर्तनसँगै समाज बिस्तारै संयुक्त परिवारबाट एकात्मक परिवारमा सरेको छ । अर्कोतर्फ, महिलाहरू पनि रोजगारी र व्यवसायमा संलग्न भएका छन् । यसले व्यवसाय र व्यक्तिगत जीवन बीच सन्तुलन कायम गर्न सकेको छैन । बच्चाहरूको हेरचाह गर्न पर्याप्त समय नदिइने अवस्थालाई सम्बोधन गर्नुपर्छ । सरकारी कार्यालयहरू सेवाग्राहीहरूको घरदैलोमा पुगेकाले दुई दिन बिदा दिनु उपयुक्त हुनेछ । ६ दिनको अवधिमा हप्तामा ४० घण्टा काम गर्ने प्रावधानभन्दा ५ दिन काम गरेर हप्तामा ४० घण्टा काम गर्नु कम खर्चिलो हुनेछ ।

श्रीलंका सरकारले यसअघि पनि थप बिदा घोषणा गरेर इन्धन बचत गर्न यस्तै कदम चालेको थियो । श्रीलंका सरकारले सावधानी अपनाउँदै हरेक बुधबार सरकारी कार्यालय, विद्यालय र विश्वविद्यालयहरू बन्द राख्ने निर्णय गर्‍यो । उद्देश्य ऊर्जा बचत गर्नु र सीमित स्रोतहरू व्यवस्थापन गर्नु थियो ।

प्रशासनिक सुधार आयोगले १९९१ मा दुई दिनको बिदाको अवधारणा सिफारिस गरेको थियो । यो पहिलो पटक जुलाई १७, १९९९ मा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको कार्यकालमा परीक्षणको आधारमा लागू गरिएको थियो । कर्मचारी दक्षता बढाउने इच्छित लक्ष्यहरू प्राप्त गर्न असफल भएपछि १९९९ को पहल लगभग तीन वर्ष पछि त्यागिएको थियो र असफल मानिएको थियो, जसले गर्दा एक दिनको बिदामा फर्किएको थियो । मुख्यतया विश्वव्यापी इन्धन मूल्य वृद्धिको समयमा इन्धन खपत घटाउन र विदेशी मुद्रा सञ्चिति संरक्षण गर्नसरकारले मे १५, २०२२ देखि परीक्षणको आधारमा दुई दिनको सप्ताहांत (शनिबार र आइतबार) पुनः सुरू गरेको थियो । एक महिनाको परीक्षण इन्धन खपत कम गर्न अप्रभावी साबित भएपछि र सेवाग्राहीहरूलाई व्यापक असुविधा भएपछि सरकारले जुन १५, २०२२ मा २०२२ को दुई दिनको बिदा खारेज गरेको थियो ।

सरकारले सरकारी कार्यालय र शैक्षिक संस्थाहरूका लागि समय समयमा दुई दिनको बिदा (शनिबार र आइतबार) ल्याएको र बहस गरेको छ । नेपालमा दुई दिनको बिदा तत्काल आर्थिक राहत (इन्धन) र कामदारको कल्याणको लागि लक्षित एक रणनीतिक, प्रायः अस्थायी उपाय हो, तर सार्वजनिक सेवा दक्षताको चिन्ताका कारण यसको दीर्घकालीन व्यवहार्यतामाथि बारम्बार प्रश्न उठाइन्छ । २०२२ मा प्रारम्भिक परीक्षण पछि, यो हालै अप्रिल २०२६ मा लागू गरिएको थियो । यो नीतिले आर्थिक, वातावरणीय र सामाजिक लक्ष्यहरू प्राप्त गर्ने लक्ष्य राखेको छ, यद्यपि यसले सार्वजनिक सेवा दक्षता र उत्पादकत्वमा यसको प्रभावको लागि आलोचनाको सामना गरिरहेको छ ।

पेट्रोलियम चुनौतीहरूको बीचमा नीतिगत परिवर्तन आएको छ, अधिकारीहरूले प्रत्येक हप्ता एक अतिरिक्त दिनको लागि आवागमन र प्रशासनिक कार्यहरू सीमित गरेर इन्धन खपत कम गर्ने लक्ष्य राखेका छन् । अधिकारीहरू भन्छन् कि संशोधित तालिका दक्षता सुधार गर्दै कम कार्य दिन भित्र सेवा वितरण कायम राख्न डिजाइन गरिएको हो ।

दुई दिनको बिदा लागू गर्दा, यसमा सामान्यतया निम्न अभ्यासहरू हुन्छन्:

अतिरिक्त दिन बिदाको क्षतिपूर्ति दिन, दैनिक कार्यालय समय बढाइन्छ, सामान्यतया बिहान १०:०० देखि ५:०० बजे सम्मको तालिकाबाट बिहान ९:३० देखि ५:३० बजे सम्म । आवश्यक सेवाहरू (अस्पताल, सुरक्षा, उपयोगिताहरू) प्रदान गर्ने सरकारी एजेन्सीहरू र स्थानीय तहहरूले प्रायः गृह मन्त्रालयले निर्देशन दिए अनुसार सेवा निरन्तरता सुनिश्चित गर्न विशेष तालिकामा काम गर्छन् ।

समर्थकहरूको तर्क छ कि दुई दिनको सप्ताहांतले घरेलु पर्यटनलाई प्रोत्साहन गर्छ । आलोचकहरूको तर्क छ कि दुई दिन पर्याप्त यात्राको लागि अपर्याप्त छन् र यसले मुख्यतया पर्यटन उद्योगलाई भन्दा कर्मचारीहरूलाई फाइदा पुर्‍याउँछ ।

धेरै निजी क्षेत्रहरू र अन्तर्राष्ट्रिय सन्दर्भहरूमा दुई-दिने सप्ताहांत सामान्य भए तापनि विकासशील अर्थतन्त्रहरूमा सरकारी नीतिको रूपमा यसलाई अपनाउने कार्य प्रायः कार्यान्वयन र खारेजीको चक्रद्वारा चिन्हित गरिन्छ, प्रायः कम इन्धन प्रयोगको आर्थिक बचत कम सार्वजनिक सेवा वितरणको लागत भन्दा बढी छ कि छैन भन्ने कुरामा आधारित हुन्छ ।

२०२६ मा यसको कार्यान्वयनको क्रममा चुनौतीहरूलाई सम्बोधन गर्ने विशेष उपायहरू समावेश छन्:

कार्यालय समयमा परिवर्तनः सरकारी कार्यालयहरू सोमबारदेखि शुक्रबार बिहान ९-५ सञ्चालन हुने तालिका छ । कडा कार्यान्वयनः सार्वजनिक सेवामा सम्झौता नगरियोस् भनेर सुनिश्चित गर्न अचम्मको जाँच र उपस्थिति कडाइका साथ निगरानी गरिन्छ ।

विद्युतीय सवारी साधनहरूमा ध्यान केन्द्रित गर्नुहोः सरकारले जीवाश्म इन्धनबाट चल्ने सवारी साधनहरूलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गर्न प्रोत्साहन गरिरहेको छ । प्रमुख कारणहरू र कार्यहरू (२०२६ सन्दर्भ): इन्धन खपत घटाउनुः २०२६ मा यसलाई पुनः सुरू गर्नुको कारण पश्चिम एसियामा अन्तर्राष्ट्रिय द्वन्द्वका कारण आपूर्ति अवरोधको बीचमा इन्धन खपत घटाउनु हो । ऊर्जा र लागत बचतः इन्धनको अतिरिक्त, यो नीतिले बिजुली र कार्यालय आपूर्तिहरू सहित सरकारी कार्यालयहरूको सञ्चालन खर्च घटाउने लक्ष्य राखेको छ । कार्य-जीवन सन्तुलन र स्वास्थ्यः समर्थकहरू भन्छन् कि दुई दिनको विश्रामले पाँच कार्य दिनहरूमा मनोबल र उत्पादकता बढाउने अपेक्षा गरिएको छ ।

घरेलु पर्यटन प्रवर्द्धन गर्नुहोस्ः पर्यटन र आतिथ्य क्षेत्रहरूलाई बढावा दिनेछ ।

चुनौती र आलोचनाहरूः

विस्तारित बिदाहरूले सार्वजनिक सेवा वितरणमा ढिलाइ गर्छ, किनकि नागरिकहरूले सरकारी सेवाहरू पहुँच गर्न कठिनाइहरूको सामना गर्छन् ।

इन्धन बचत प्रभावकारी छैनः केही विज्ञहरूको तर्क छ कि कम यात्राले समग्र इन्धन खपतमा उल्लेखनीय प्रभाव पार्दैन ।

कार्यान्वयन कठिनाइहरूः अघिल्ला प्रयासहरू (२०२२) केही हप्ता पछि नै त्यागिए, नीतिको दिगोपनमा प्रश्न उठायो ।

हप्ताको कार्य दिन छोट्याउनाले उत्पादकत्व बढ्ने अध्ययनहरूले देखाएका छन् । के नेपालले अन्य देशहरूको अभ्यास र नतिजाबाट सिक्नेछ, जसले काम र नतिजामा ध्यान केन्द्रित गर्नुको सट्टा देखावटी गरेर तलब पाएको महसुस गराउँछ ?

सरकारले पाँच दिनको हप्ताको निर्णय उल्टाएको यो पहिलो पटक होइन । हप्तामा ४० घण्टा काम गर्ने तालिका व्यवस्थित गर्नुपर्छ । काम गर्ने सबैका लागि यो किन सम्भव हुन सक्दैन ? यो सुनिश्चित गर्न के गर्नुपर्छ ? वास्तवमा, कुनै पनि आकार सबैका लागि उपयुक्त हुँदैन, र कामको प्रकृतिको अर्थ हप्ताको फरक-फरक दिन काम गर्ने मानिसहरू हुनेछन्, कामबाट विश्रामको आनन्द लिइरहेका हुनेछन् । भविष्यमा कार्यस्थल कस्तो हुनेछ, मानिसहरूलाई कस्ता सेवाहरू आवश्यक पर्नेछन् र ती सेवाहरू कसरी प्रदान गरिनेछन् भन्ने हेर्दै हामीलाई अझ अग्रगामी सोचको दृष्टिकोण चाहिन्छ ।

---

# जनस्वास्थ्य क्षेत्रमा मानसिक स्वास्थ्यको चुनौती

रमेश चन्द्र न्यौपाने
वरिष्ठ जनस्वास्थ्यविद



मानिसको जीवनमा विभिन्न किसिमका रोगहरूले बाल्यकाल देखि नै जीवनको अन्त्यसम्म पनि शरिरका सबै अङ्गहरू लाग्ने रोगहरूले मानिसलाई अस्वस्थ बनाउनुको साथै धेरै पिडाहरू पनि भोग्नु परिरहेको छ । यी नै रोगहरूको कारणले गर्दा कतिपय मानिसहरूलाई आर्थिक भारको कारणले मृत्यु अवस्थमा पनि पुर्‍याएको छ । मानिसमा लाग्ने रोगहरू धेरै जसो औषधि उपचारले निको पार्न पनि सकिन्छ तर कतिपय रोगहरू यस्ता छन् रोगको पिडाले गर्दा मानिसहरू ले आत्माहत्या पनि गरिरहेका छन् । संसारका सबै मानिसहरू सधैं स्वस्थ रहन चाहन्छन् तर पनि कुनै स्वस्थ रहन सकेका छैनन् ।

विश्वभरिका देशहरूमा आफ्ना देशमा मानिसहरू सधैं स्वास्थ्य रहुन भन्ने उद्देश्यले स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रमहरू संचालन गरि रहेका छन् तैपनि मानिसहरू आफ्नै कारण वा अन्य कारणहरूले गर्दा रोग लाग्ने दर झनझन् बढी रहेको छ । कस्तो मानिसलाई स्वस्थ मान्ने भन्ने विषयमा विभिन्न स्वास्थ्यविज्ञ र वैज्ञानिकहरूले परिभाषा दिएका छन् ती सबै परिभाषालाई अध्ययन गरि विश्व स्वास्थ्य संगठन स्वस्थ मानिसको परिभाषा यस अनुसार गरेका छन् ।

Health is a complete state of physical, mental, and social wellbeing and not merely an absence of disease and infirmity= - Definition by WHO–1948 and recently amplified to include the ability to lead a "socially and economically productive life" Health is multidimensional: it includes physical, mental, social, spiritual, emotional, vocational, and political dimension.

मानसिक स्वास्थ्य भनेको स्वस्थ जीवनको एक महत्त्वपूर्ण आयाम हो । विश्व स्वास्थ्य संगठनले स्वास्थ्यलाई रोग तथा असहजता नभएको अवस्था मात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक रूपमा सन्तुलित अवस्था भनेर परिभाषित गरेको छ । त्यसैले स्वस्थ्य जीवनका लागि मानसिक रूपमा पनि सवल, सक्षम र सन्तुलित रहनु पर्दछ । व्यक्तिले आफ्नो क्षमतालाई पहिचान गर्न सक्ने, जीवनका सामान्य तनावलाई व्यवस्थापन गर्न सक्ने, उत्पादनशील ढंगले काम गरी आफ्नो समुदायमा योगदान दिन सक्षम रहने अवस्था नै मानसिक स्वस्थताको अवस्था हो। यसले व्यक्तिको भावना, विचार र व्यवहारमा सन्तुलन र समन्वयको अवस्थालाई बुझाउँदछ । यही भावना, विचार र व्यवहारमा आउने परिवर्तन जून निश्चित अवधिसम्म रहिरहन्छन् र व्यक्तिको जिम्मेवारी वा सम्बन्धमा नकारात्मक असर पुग्दछ भने त्यो मानसिक स्वास्थ्य समस्या भएको अवस्था हो । नेपालमा कुल नसर्ने रोगहरूको समस्या मध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ । अपाङ्गता नराउने प्रमुख १० कारकहरू मध्ये ४ वटा मानसिक स्वास्थ्य समस्या नै पर्दछन् । राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण नेपाल, २०७७ को नतिजा अनुसार नेपालमा १३ देखि १७ वर्षका ५.२ प्रतिशत किशोरकिशोरीहरूमा मानसिक स्वास्थ्य समास्या देखिएको छ। जसमा २.८ प्रतिशतमा चिन्ताजन्य समस्या, ०.६ प्रतिशतमा डिप्रेसनको समस्या पाईएको छ र ३.५ प्रतिशतमा आत्महत्या सम्बन्धी सोच पाइएको छ । १८ वर्षमाथिका व्यक्तिहरूमा १० प्रतिशतमा मानसिक स्वास्थ्य समस्या देखिएको छ । जसमा ३ प्रतिशतमा चिन्ताजन्य समस्या, २.५ प्रतिशतमा डिप्रेसन, ०.२ प्रतिशतमा साइकोसिस र ७.२ प्रतिशतमा आत्महत्या सम्बन्धी सोचको अवस्था देखिएको छ । विश्वभरमा लगभग २० प्रतिशत बालबालिका तथा किशोरकिशोरीहरूमा भावनात्मक, व्यवहारिक तथा अन्य खालको मानसिक स्वास्थ्य समस्या भएको अध्ययनहरूले देखाएका छन् । नेपालका सामुदायिक स्वास्थ्य संस्थाहरूमा आउने करिव २५ प्रतिशत सेवाग्राहीहरू कुनै न कुनै प्रकारका मानसिक वा मनोसामाजिक समस्या लिएर आउने गरेको तर सही पहिचान हुन नसकेको तथ्याङ्कले देखाएको छ । त्यस्तै २०७५ सालमा चितवन जस्तो भौगोलिक ढंगले सुगम, सामाजिक तथा आर्थिक पक्षमा सवल र तुलनात्मक रूपमा स्वास्थ्य सेवाको सहज पहुँच भएको जिल्लामा पनि डिप्रेसन र मदिराजन्य समस्याबाट ग्रसित ५० प्रतिशत व्यक्तिले स्वास्थ्य सेवा नलिएको पाईएको थियो। कोभिड -१५ को कारण यो समस्या अझै बढेको छ । उपरोक्त तथ्याङ्कले नेपालमा मानसिक स्वास्थ्य समस्या र सेवाको उपलब्धता तथा उपभोगको अवस्था चिन्ताजनक रहेको प्रस्ट हुन्छ । मानसिक स्वास्थ्यको महत्वलाई बुझ्न र समस्यालाई समयमा नै पहिचान गरी उचित व्यवस्थापन गर्न आम नागरिक सुसूचित हुन् आवश्यक छ । मानसिक स्वास्थ्यमस देखिने मानसिक स्वास्थ्य समस्याहरू : आत्महत्या (suicide), चिन्ता (anxiety_, डर , डिप्रेसन ( depression)उदासिनता, सईकोसिस ( Psychosis and Mania), छारे रोग ( Epilepsy), मदिरा तथा सुर्तिजन्य पदार्थ सेवनका समस्याहरू (Alcohol and Nicotine use disorder), बालबालिकाको बिकास, व्यवहार र भावना सम्बन्धी समस्याहरू (Developmental, behavioral and emotional disorders in children), विस्मृति तथा अल्जाईमर्स रोग (Dementia and Alzheimer's disease)

मानसिक स्वास्थ्य समस्याका तीन कारणहरू रहेका मानिन्छन् :

(१) जैविक (Biological), बंशानुगत (Genetic) , मस्तिष्कमा हुने समस्याहरू जस्तैः मस्तिष्कघात, चोटपटक, संक्रमण, ट्यूमर आदि, दीर्घकालीन शारीरिक समस्याहरू जस्तैः छारेरोग, मधुमेह, मृगौला, कलेजो, बाईराइड सम्बन्धी रोग,,औषधी तथा लागु औषधको प्रयोग जस्तैः Isoniazid, steroid, मदिरा, सुर्तीजन्य तथा अन्य लागु औषध

(२) मनोवैज्ञानिक (Psychological), बाल्यकालका मानसिक हिंसा, आघात तथा अनुभवहरू, गलत सिकाई, त्रुटिपूर्ण व्यक्तित्व विकास, समस्याग्रस्त अन्तर व्यक्ति सम्बन्ध

(३) सामाजिक (Social), कठीन पारिवारिक/सामाजिक/आर्थिक वातावरण, तनावपूर्ण जीवन परिवेश मानसिक स्वास्थ्य समस्याका सामान्यतया देखिने लक्षण तथा चिन्हहरू मनपर्ने कुराहरू पनि गर्न मन नलाग्ने । भावनात्मक र शारीरिक कठिनाई हुने । खुशी हुनुपर्ने कुरामा पनि खुशी नहुने । बाँच्नु बेकार छ भन्ने जस्ता भावना आउने । जीवन मूल्वहिन भएको र भविष्य प्रति कुनै आशा नै नभएको महसूस हुने । आत्महत्या गर्ने बिचार आउने । दुखित र निरास मनस्थिति हुने । कुनै कुरामा चाख नहुने र ध्यान केन्द्रित नहुने । रूचिमा परिवर्तन आउने (खान मन नलाग्ने वा धेरै खान मन लाग्ने) निन्द्रा धेरै लाग्ने वा निन्द्रा नलाग्ने । बकाई महसुस हुने । डर/चिन्ता लाग्ने ध्यान केन्द्रित गर्न नसक्ने एक्लै बस्ने, हाँस्ने, बोल्ने वा बरबराउने अनावश्यक शंका गर्ने असामान्य व्यवहार देखाउने दैनिक क्रियाकलाप गर्न नसक्ने उपरोक्त लक्षणहरू २ हप्ता भन्दा बढि समयसम्म देखा परेमा मानसिक रोगको शंका गर्न सकिन्छ । मानसिक स्वास्थ्य समस्याबारे भ्रम र यथार्थ भ्रमः मानसिक स्वास्थ्य समस्या थोरै व्यक्तिमा मात्र हुन्छ । यथार्थ विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक चार जनामा एक जना व्यक्तिलाई मानसिक स्वास्थ्य समस्या रहेको हुल सक्छ । भ्रमः मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिले काम गर्न सक्दैनन् । यथार्थ : मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिले उचित उपचार, अवसर र सहयोग पाएमा सामान्य व्यक्ति सरह हुन्छन् । कडा खालका मानसिक समस्या भएमा मनोवैज्ञानिक उपचारपछि व्यक्ति सामान्य र स्वतन्त्र जीवन जिउन सक्छ ।

भ्रमः मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरू हिंसक तथा आक्रामक खालका हुन्छन् । यथार्थ : मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरू स्वयम् नै हिंसा र आक्रमणको जोखिममा हुन्छन् । विश्व स्वास्थ्य संगठनका अनुसार १० मध्ये ५ जना मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति कुनै न कुनै रूपमा मानव अधिकार हननका घटनामा परिरहेका हुन्छन् । भ्रमः बालबालिका र किशोरकिशोरीमा मानसिक स्वास्थ्य समस्या हुँदैन । यथार्थः ५० प्रतिशत भन्दा बढी मानसिक स्वास्थ्य समस्या १४ बर्ष पुग्नु अगावै शुरू हुन्छ । प्रत्येक ५ जना मध्ये १ जना बालबालिका तथा किशोरकिशोरीमा मानसिक स्वास्थ्य समस्या हुन्छ । भ्रमः मानसिक स्वास्थ्य समस्या व्यक्तिगत कमजोरीका कारण हुन्छ । यथार्थ : मानसिक स्वास्थ्य समस्या जैविक, वातावरणीय, सामाजिक तथा मनोबैज्ञानिक कारणहरूले गर्दा बिकास हुनसक्छ । भ्रम : मानसिक समस्या भएका व्यक्तिलाई विवाह गरिदिए पछि सञ्चो हुन्छ भ्रम : धामी झाँक्रीको सहयोग वा धर्म परिवर्तन गरेमा मानसिक समस्या ठीक हुन्छ । यथार्थ : मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई उचित उपचार, सहयोग र अवसर प्रदान गरेमा सञ्चो हुन्छ ।

मानसिक स्वास्थ्य समस्याबाट बच्ने उपायः विपद तथा महामारीका बेला एक्लै चिन्ता गरेर हैन आफ्नो परिवारसँग समय बिताएर वा सृजनशील काम गरेर समयको सदुपयोग गर्ने । घरायसी काम तथा पारिवारिक छलफलमा सहभागी हुने । नियमित रूपमा शारीरिक व्यायाम तथा ध्यान गर्ने । मदिरा तथा लागु पदार्थ सेवन नगर्ने । तनाव व्यवस्थापन गर्न गाह्रो परेमा वा मानसिक समस्या देखिएमा मनोचिकित्सक वा मनोविदसँग परामर्श लिने । टाढा भएपनि आफन्त तथा साथीभाइसँग नियमित सम्पर्कमा रहने । उद्देश्य अनुरूप निर्णय गर्ने । ध्यान दिएर काम गर्ने । पर्याप्त मात्रामा सुत्ने । नयाँ सीप सिक्ने र प्रयोग गर्ने ।

यस्तो डरलाग्दो समस्या व्यक्ति र समाज हुँदा पनि अझै सरकारले यो समस्यालाई गम्भीर रूपमा लिएर काम गर्न सकेको छैन अब मानसिक स्वास्थ्य समस्यालाई समाधन गर्नको लागि जनचेतना मुलक कार्यक्रमलाई व्यापक रूपमा संचालन गरि समयमा नै यो समस्या हल गर्नु पर्ने देखिन्छ । हाल यो मानसिक स्वास्थ्य समस्या विशेष गरि वृद्ध नागरिकमा बढी देखिएको हुँदा त्यो वर्गलाई समस्त परिवार लगायत सबैले विशेष ध्यान दिनु पर्ने अवस्था आएको छ अन्यथा यो समस्या ठुलो चुनौतीपूर्ण हुन्सक्छ । मानसिक स्वास्थ्यको समस्यालाई रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्न स्वास्थ्य मन्त्रालयले जनचेतना कार्यक्रमहरू संचालन गरि पहिलो प्राथमिकताको रूपमा काम गरिरहेको छ ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
Gorkha Express Weekly
मंगलबार Tuesday
२०८३ वैशाख १, Apr. 14, 2026




# A Remittance Economy Reaches Its Limits

**By: Galab Bahadur Dhungana,**

*Attorney & Counselor at Law, United States.*

The meteoric rise of the Rastriya Swatantra Party (RSP) is less a political anomaly than a blunt economic verdict. Voters did not simply elect new faces; they rejected a system that has failed to produce a functioning domestic economy. But renewal in Parliament, by itself, is cosmetic. Translating this mandate into prosperity requires a structural break from Nepal's long-standing dependence on exporting its workforce—and the creation of an economic framework that survives electoral churn.

The urgency is structural. According to a recent report published in 2025 by Dr. Biswash Gauchan, Executive Director of the Institute for Integrated Development Studies (IIDS), 2.1 million Nepalis -7.4% of the population are currently working abroad, and 64% of households depend on remittances. Over the past decade, more than 4.7 million labor approvals have been issued, with 85% of workers migrating to the Gulf and Malaysia. Outmigration remains persistently high, averaging over 500,000 departures annually, with a daily outflow exceeding 2,000 individuals, including both workers and students. Remittance inflows reached approximately $10.86 billion in FY 2024, equivalent to about 25% of GDP. While these inflows appear to have contributed to poverty reduction - from 38% in 2000 to around 20% in 2024 - they have not translated into sustained domestic investment. More than 70% of remittances are used for consumption, while only 1.2% is directed toward capital formation. The World Bank further notes that remittance inflows saw a significant surge from July 2025 to mid-January 2026, increasing to over 30% of GDP compared to the previous year.

This model may provide macroeconomic stability but does not generate sufficient domestic production, employment, or industrial capacity. The human dimension of this model is also visible. The recent return of the bodies of Nepali workers from Kuwait during the Middle East conflict underscores the risks embedded in large-scale labor migration. These incidents are not anomalies; they reflect the structural dependence of the economy on overseas employment.

RSP Chairman Rabi Lamichhane's call for cross-party alignment on economic priorities is not merely political rhetoric - it is an economic necessity. Nepal requires a formalized "National Economic Consensus" that binds successive governments to a stable development trajectory.

Without such continuity, policy volatility will continue to deter long-term investment.

For credibility, this consensus must rest on three pillars:

1. **Energy-Led Industrialization:** Nepal's hydropower potential, exceeding 40 GW, should not be treated as an export commodity alone. It is the foundation for a domestic industrial base. Properly deployed, it can position Nepal as a carbon-neutral, even carbon-negative, manufacturing economy by 2040.

2. **Productive Reallocation of Remittances:** Remittances must shift from consumption to investment. Policy instruments such as tax incentives, sovereign funds, and structured investment vehicles should be used to channel these flows into infrastructure, industry, and domestic value chains.

3. **Election-Proof Economic Strategy:** Investors require predictability. Core industrial and energy policies must be insulated from political turnover through legislation and institutional safeguards. Economic rules cannot reset with every coalition change.

In this context, proposals to develop fertilizer production based on imported natural gas infrastructure risk introducing long-term external dependency and should be evaluated against renewable alternatives. Nepal should invest in a green industrial future anchored in green hydrogen, green ammonia, and green urea to reduce import dependency and strengthen agricultural security. Countries like India and members of the EU are already investing billions in green hydrogen as part of their energy transition strategies.

Nepal's challenge is not a lack of resources, but a lack of coordinated economic direction. The current political mandate provides an opportunity to correct this. Whether Nepal can transition from a remittance-dependent economy to a productive, self-sustaining one will depend on its ability to establish policy continuity, align national priorities, and act decisively.

Absent that, the existing model will persist: outward migration, inward remittances, and limited structural change. That model has reached its limits.

### In the context of the indebt study of the Novel Tattvamasi written by the Senior advocate Lamichhane

# My Exemplary Academic Impact and Social analysis

**(Part Two)**

Being a Faculty member of Tribhuwon University I was less and lesser contact with the faculty of Judicial distinguished personality. For the first time I got chance to be a member of Judicial coordination committee of Bhaktapur composed of more than ten members of the major administrative and security government Offices of Bhaktapur on behalf of the former chairperson of Bhaktapur Civil Society. That important membership provided me to attend a one day national level Judicial Coordination Committee in Kathmandu amid more than twenty National level VIPS of administration and Judicial personalities of different walks of social organizations of the coordination membes of all Bhaktapur coordination Commiitee amid Sureme court Honorable Jujus and other members chaired by Honorable SC Judge Prakashman Singh Raut . Then I got chance to meet him several time and he became kind enough to unveiling my 32 book entitled "Teacher Education and Modernization in Nepal.

Then suddenly I came to the contact with senior Advocate Juktinjung Lamichhhane through Mr. Shankar Maghaiya participating national level meetins of senior nationalist of Nepal several times and formed in Bhaktapur Nepal Association of Nationalists ( NAN) under my chairmanship. This way I became very closer and closer to Mr. Juktijung Lamichhhane visitng each other time to time .

In one of his visit to my office in the Iwamura College of Health Science Bhaktapur, he was kind enough to present his latest Novel " Tattvamasi" published in 2081 Magh with 25 chapters with reference written by Kshitiz Limbu and preface written by Ranchandra Subedi , Associate Professor Nepal Sankrit University Balmiki Bidhyapith Then I started to know about the novel. I remember the golden period of novel writers both in Nepal and abroad especially in India. There were millions and millions of novel written by different socio-political walk of life.

Going through the sorcery reading of the Novel TattvamasiI am very impressed with the theme and characters of the Novel. Nowadays it is very difficult to find the novel written this type of impression specially with reference to the socio cultural values

The Novel TattvamasiI is also based on spiritual and devotional aspects that is very lacking in these modern days. I am very glad to read through. It should be place as a course book of sociology , spiritualism and devotional literature . I wish to express my heartfelt and long left congratulation and all the best wishes for the future days to come with more and more these type of Novel written by my dearest friend the Senior advocate Mr. Juktijung Lamichhane.

By the way after going through this Novel I became very motivate to know more and more about the features of writing the novel to be considered very strongly as an academician going through many many books written in Napali language , Nepal Bhaasaa and English Language.

Novel writing is the craft of creating a long-form fictional narrative, typically over 60,000 words, defined by complex plots, deep character development, and immersive settings. Key features include a structured narrative arc (beginning, middle, end), "show, don't tell" storytelling, consistent point of view, thematic depth, and intense internal or external conflict.

Every author will ultimately develop their own approach to planning and writing a novel and there's certainly no one-size-fits-all solution. Nor is there a consensus among the professionals.

Ann Patchett will develop a novel in her head for months – 'the happiest time' in her writing process – before she must finally 'reach up and pluck the butterfly from the air' .

Stephen King famously doesn't like to know what's going to happen at the end of his books and went so far as to say that plotting is incompatible with 'the spontaneity of real creation' .

I think it's particularly important for debut writers to spend time thinking about their characters and developing an outline before setting pen to paper. A plan provides a roadmap – a clear route forwards, making it less likely you will get lost along the way.

If we are wondering how to plan your own novel, here are ten steps to get you started:




**1. What's at the heart of your novelæ**

Start by asking yourself what story we are trying to tell. This could be a one-line pitch or a question you're trying to answer. For example, *Romeo and Juliet* could be pitched as 'the tragic story of star-crossed lovers whose deaths ultimately reconcile their feuding families.' Or *Great Expectations* as 'the tale of an orphan boy who receives wealth and status, only to realise that happiness must be found in friendship and love.'

**2. Are we writing a particular genre or for a certain kind of readeræ**

It's good to nail down the genre from the start as this could affect decisions about language, style, voice and plot. Readers will have different expectations of romance than of horror or crime fiction – and you don't want to disappoint them!

**3. Write the cover blurb.**

We should have a strong sense of the shape of the story you want to tell before starting to write. Try to explain what happens in a few paragraphs. Think about how you would describe the story to a friend, Give your story a beginning, middle and end, and make sure to outline the main source of conflict and how this is resolved.

**4. Get to know our characters.**

Start by making a list of major and minor characters. For each one, note down their name, age, family history, physical appearance, political and religious beliefs, traits and quirks. What does our protagonist carry around with them in their handbag/pocketsæ How did each spend their last birthdayæ Then outline what their roles are in the book. What do they want and why do they want itæ What's stopping them from achieving their aimsæ What will they learn during the novelæ Plotting will be much easier if we have a clear understanding of your characters, their perspectives and the journey you want to take them on.

**5. Where is our novel setæ**

Make some general notes on the time and place, including the weather, landscape, architecture, interiors and smells, and think about what these reveal about character. Drawing a map might help to picture the locale and understand the distance between locations, and floor plans can be useful if ywe are setting quite a bit of the main action in a house

**6. Try to do your research.**

If we are given our character a job we don't know much about or we are writing about a place we have never been to, we might need to do some research before starting to write. Reading autobiographies, watching period dramas, taking a research trip or interviewing a friendly could all help to gain a deeper understanding of the subject and themes of your novel.

Make sure we are sufficiently informed to make key decisions about the story, but don't get carried away – we can always supplement your knowledge as wrote .

**7. How will we structure your storyæ**

Does it span one day or several yearsæ Are we going to write it in first person or thirdæ Will our narrator recall events from the future or is the story unraveling in the presentæ Do we need more than one voiceæ

Once you have a rough idea of the structure we can begin plotting out the events, e.g. what happens and when does it happenæ If we are working with a three-act structure you will want to set out the main conflict and what's at stake in the beginning, use the middle to complicate the story and develop tension, and build towards an exciting climax before resolving any loose ends.

**8. Write a chapter plan.**

Once we have a good understanding of the narrative spine, you can start to plan what happens in each chapter and break down the action scene by scene. Include the big events – birth, death, sex and violence – as well as subtler anxieties and realizations, and don't forget to track our flashbacks and sub plots through the book.

We need to decide whose point of view the scenes are told from and how much is revealed in each one.

A detailed chapter plan will help to ensure enough happens in your story and that the flow and pacing of events works well. (Remember short scenes of action and dialogue tend to increase the pace while longer descriptive passages can slow the narrative down.) A thorough understanding of plot is particularly important for crime novels that seek to deceive the reader through misdirection and red herrings.

As an exercise, we must encourage to reread a favorite novel and note down what happens, chapter by chapter. How long are the scenesæ How many scenes occur in each chapteræ How are the flashbacks spacedæ What's the balance of dialogue, description and narrativeæ

**9. Create a timeline.**

Putting our scenes in chronological order, even if that's not the way they will be told to the reader, can help to flag any issues we need to address before starting to write the novel. We might find that there's a key scene missing or that we need to reorder the sequence or that your ages are askew.

**10. Don't over plan!**

It can be tempting to keep making notes but take care that this doesn't become a form of procrastination. Our outline doesn't have to be perfect before you begin to write. We can change your mind and revisit our ideas later, unpicking threads and weaving others into the fabric of the narrative. Or think about our novel as a piece of clay you can mould and re-form if we don't like the shape it's taking.

We don't have to start with the opening either; one benefit of having a plan is that we can dive straight into a scene with lots of action or even write the end first.

And if we are not a great planner, I don't think we should force it. It can be freeing to write when we don't know what comes next, to see what happens and where your characters take us. So, push on and write the next sentence, the next scene, the next chapter. Enjoy the process of bringing your story to life!

# फिजीमा परिणत हुने कि समाज हेर्ने –५



२०५७ सालसम्म ३० वर्गमिटरभन्दा कम क्षेत्रमा बसेका परिवारलाई ३० वर्गमिटर पुऱ्याइदिने, घडेरी विहीन ९ लाख ४० हजार परिवारलाई ३० वर्गमिटर घडेरी दिने र सबैका लागि स्वस्थकर घरहरू हरेक साल बनाउदैं जाने कार्यक्रम थियो । सोही अवधिमा शहरी क्षेत्रमा घडेरी तथा सेवा विकास र निर्देशित जग्गा विकास कार्यक्रम अनुसार ३ लाख ८० हजार घर बनाउने कार्यक्रम पनि थियो । घरहरू बनाउँदा भान्छा, शौचालय, शुद्ध खानेपानी, स्वास्थ्य, शिक्षा, खेलकूद आदि सेवाहरू पनि एकीकृत रूपमा व्यवस्था गर्ने कार्यक्रम थियो, तर केही भएन ।

ग्रामीण क्षेत्रका निम्न आय भएका परिवारलाई घर बनाउन दीर्घकालीन आवास ऋण दिने र स्थानीय तहमा प्राप्त सामग्रीका भरमा आधुनिक घर बनाउने कार्यक्रम राखिएको थियो । घडेरी तथा सेवा सुविधा बढाउने निर्देशित जग्गा विकास गर्ने, शहरी क्षेत्र सुधार गर्ने र घना बस्ती बसाउने कार्यक्रम पनि थियो । यी योजना पूरा गर्न बिसं २०५७ सम्म करिब ९ अरब ९३ करोड रकम लाग्ने र सोमध्ये करीब ८५ करोड श्री ५ को सरकारले खर्च गर्ने लक्ष्य थियो ।

बस्ती सुधारका लागि सरकारी कार्यक्रम सामान्यतया राम्रो भए पनि चकलाबन्दी, ब्लक फार्मिङ्ग जस्ता कुरा यसमा नभएकोले सफल हुने र छिटो हुने देखिँदैनथ्यो । चकलाबन्दी नहुँदा घर-बस्ती छितोरिएर बस्नुपर्ने बाध्यता हुन्छ भने कानूनी बाध्यता नभई कसैले पनि बस्तीका लागि जग्गा छोड्न पनि चाहँदैन । कुरा भए तर काम भएनन् ।

(ग) भू-प्रयोगको वर्तमान स्थिति

हिमाल क्षेत्रको भू प्रयोगको ब्यवस्था:

हाम्रो देशको भू-बनोट कतिपय मुलुकको भू-बनोटसँग मिल्दैन । यो समुद्र सतहबाट करीब ५५ मिटर उचाइदेखि ८८४८ मिटर अग्ला हिमश्रृंखलासम्म गरै गरा परेको छ । भऱ्याङ जस्तै गरेर तराईदेखि हिमालसम्म रहेको नेपाल गंगा मैदानको दक्षिण फर्केको पाटोमा अवस्थित छ । यहाँबाट जन्मी सदा स्वच्छ पानी बहने (Perennnial) सयौं कर्णाली, भेरी, गण्डकी र कोशी नदीहरू र ती नदीमा मिसिने अनगिन्ती खोला नालाहरू ९च्भखगभितक, त्तचभककद सबै गंगा नदीमा गएर मिसिन्छन् । दक्षिण मोहडा गरेको यस्तो भूभाग पृथ्वीमा अन्यत्र कहि पनि छैन र यसले दिन सक्ने जैबिक विविधता तथा उत्पादक्तव अरू कसैले कहीँ दिन सक्दैन । यसतो गहनतम महत्व बुझेर भू उपयोग गर्न नसक्नु नै देशको दुर्भाग्य भएको छ ।

हिमालय क्षेत्र (Mountain Region) भन्नाले अति उच्च पहाड भएका बाह्रै महिना हिउँले ढाकिने हिमालय श्रृखला, हिउँदमा केही समय हिउँ पर्ने तथा अग्ला पहाडले ढाकिएको नेपालको उत्तरी सीमातिरको भूभाग हो । नेपालका राजनीतिक विभाजनमा हुम्ला, मुगु, डोल्पा, मुस्ताङ, मनाङ्., गोर्खा, रसुवा, सिन्धुपालचोक, दोलखा, सोलोखुम्बु, संखुवासभा र ताप्लेजुङ्. जिल्लाहरू यस क्षेत्रमा पर्दछन् । उचाइँ र हिमपातका हिसाबले त्यसभन्दा दक्षिणका जिल्लाका केही भूभाग पनि यस क्षत्रमा राखेर योजना तर्जुमा गर्नुपर्ने हुन्छ । कुल क्षेत्रफलको ३५.२१ प्रतिशत रहेको हिउँ र झयाङ्काडाँले ढाकिएको यो क्षेत्र पृथिवीकै अनुपम दृश्यले भरपुर छ । तर यस भूभागमा बस्ने जनसंख्या भने कुल जनसंख्याको ७.८ प्रतिशत मात्र छ ।[७] ( हिमालय राष्ट्रिय निकुन्ज पनि हेर्नुहोस् )

१.३. दक्षिणमा तराईका बस्ती जस्तै हिमालयका फेदीका बस्ती गुज्रुक्क झुण्डमा भए पनि व्यवस्थित भने छैनन् । यस प्रदेशमा बस्ती गुजुप्प भए पनि बस्ती बीचको दूरी निकै टाढा छ, विकट छ र अनुत्पादक पनि । यहाँ बसेका थोरै बस्ती र थोरै पशुपालनले धेरै नोक्सान बनाएको छ । यस क्षेत्रमा बस्ने जनसंख्या ज्यादै कम छ । करिब १९५ हजार परिवारहरूको जनसंख्याले झण्डै २० प्रतिशत भूभाग ओगटेको छ, त्यस ठाउँको पर्यावरण बिगारेको छ, वातावरण दूषित गरेको छ, जडिबुटीको विनाश गरेको छ, दुर्लभ पशु-पंक्षीको वंश लोप हुने स्थितिमा पुऱ्याएको छ, पत्तो लगाउन बाँकी तीन हजारभन्दा बढी वनस्पतिको खोज नै नहुँदै लोप हुने स्थिति छ । थोरै चौँरी पालनको नाममा धेरै उत्पादकत्व दिने भूभाग सखाप भएको छ । बढ्दो जनसंख्यालाई खोरिया खनेर थप भूस्खलन गराउने यस्तो काम भएको छ जस्ले तराईसम्म खोलो उतारि(सिल्टिङ्.) दिएको छ । जग्गाको ठूलो दुरूपयोग भएको छ । भू-बनोटका आधारमा भू-उपयोग भएको छैन ।

यस क्षेत्रका अव्यवस्थित वस्तीका कारण भू-क्षेत्रको दुरूपयोग मात्र भएको छैन त्यहाँका जनताको जीवन पनि कष्टकर बनेको छ ।

पहाडको भू-प्रयोगको अवस्था :

पहाड नेपालको प्राकृतिक स्रोत हो । विश्वमा २५% भूभागमा पहाड छ भने नेपालमा ७७% छ । विश्वमा १०% मानिस पहाडी भूभागमा बस्दछन् भने नेपालमा ५५% जनता पहाडमा बस्दछन् । तर पनि नेपाल विश्वमै अमूल्य र महत्वपूर्ण छ । हिमालय क्षेत्र र भित्रीमधेश तथा मधेश बीचको भूभागलाई पहाडी प्रदेश (Hill Region) भनिन्छ । नेपाल विश्वमा पहाडी देश भनेर चिनिएको छ । त्यसको श्रेय यही प्रदेशले पाउँदछ । यस प्रदेशमा मानिसहरू लेक बेसी गरेर बस्ने गर्दछन् । लेक बेसी गरेर बस्दा झण्डै बातानुकुलित वातवरणीय अवस्थामा बस्न पाउने हुनाले अधिकांश जनसंख्या यहाँ बस्न रमाउँदछन् । यो नेपालको मौलिक प्राकृतिक विशेषता हो ।

केही तराइबासीहरूले पहाडीहरूले तराईमा बसाई सर्न नपाउने कानूनको माग गरे, विद्रोह गरे । का.म.न.पा.का एकजना मेअरले पनि उपत्यका बाहिरका मानिसले यहाँ बसाईसराइँ गर्न नपाउने कानूनको माग गरेका थिए । वास्तवमा पर्वत समस्या होइन गौरव हो । पहिलो तर्क सन्तुलित विकासका लागि सकारात्मक छ भने दोस्रो राजनैतिक कारणले उठेको छ । तराईमा पहाडी पसेनन् भने त्यहाँ विदेशी थपिने छन् र त्यो फिजीमा परिणत हुनेछ र आन्तरिक द्वन्द्व भन्दा त्यो समस्या चर्को हुनेछ भन्ने कुरा पनि बुझ्न नसकेको पाइन्छ ।

यस प्रदेशको कुल क्षेत्रफल ४६.६८ प्रतिशत छ भने यहा ४५.५६ प्रतिशत जनसंख्याको बासस्थान छ । यस प्रदेशमा असली खेती योग्य समथर जमीन १२ प्रतिशत जति मात्र छ । यहाँ भीर पहरा तथा ४५ डिग्री भन्दा भिराला जग्गा मनग्य छन् जुन सर्भेक्षण गरेर भू उपयोगिता नक्सामा समाबेस गर्न बाँकी छ । नेपालका पहाड :

- पानी उचाइका टंकी (टावर ) हुन् ।
- जैविक विविधता बोक्ने धरोहर हुन् ।
- मनोरञ्जनका गन्तव्य स्थलहरू हुन् ।
- संस्कृति र संपदाका केन्द्र हुन् ।
- इको (Echological) टुरिजमका आवस्यक तत्व हुन् ।
- यसले त्यहाँका बासिन्दाको जीवन स्तर उठाउँदछ ।
- पहाडले धेरै दिएका छन्, बदलामा केही पाएका छैनन् ।

संयुक्त रा.सं. पृथ्वी शिखर सम्मेलनबाट पारित प्रतिबद्धता पालन गर्न विज्ञहरूले छुै- स्वायत्त निकायको माग गरेका बखत, त्यसलाई कार्यन्वयन गर्न ऐन नियममा परिवर्तनको माग गरिएको बखत नेपालको पहाडी र हिमाली बस्तीको व्यवस्थापनको नगर्ने हो भने वातावरण बिग्रेर सामाजिक आर्थिक विकासका पक्षमा नराम्रो असर पर्ने हुन्छ । यसको समाधान व्यवस्थित बस्ती मोडेलबाट एकै साथ हुन्छ जसमा विज्ञको अझ ध्यान पुगेको पाईदैन । यहाँ मनपरि बस्ती बस्ने र जथाभावी सडक विस्तार गर्ने हो भने यहीँबाट अति नराम्ररी पूरै देशको वातावरणको विनाश हुनेछ ।

*राजनीतिक विभाजनका हिसाबले यस क्षेत्रमा भित्री मधेश समेत गरी ४५ जिल्ला पर्दछन् । यसको अवर्णनीय र अतुलनीय सौन्दर्य तथा उत्पादक्तत्व दिन सक्ने क्षमतालाई पहिचानेर योजना तर्जुमा गरी गर्नु पर्ने विकासका कार्य नभएको कारण विश्वकै जनतालाई तान्न तथा रोजगार दिन सक्ने क्षमताको ह्रास भएका कारण उल्टै यहाँको जनसंख्या रोजगारकै लागि पलायन हुदैँ गएको छ ।*

भित्री मधेशको भू-प्रयोग :

तराई प्रदेश र पहाडबीच ठूलाठूला उपत्यका छन् जसलाई भित्री मधेश भनिन्छ । यस प्रदेशमा उत्तरमा महाभारत श्रृखला र दक्षिणतर्फ चुरे पहाड पर्दछ ।

यहाँ जन संख्याको घनत्व छ । सरदर रूपमा तराइको सरह छ । यस भूभागको क्षेत्रफल ६.११ पैतिशत छ ।

बीच भागमा समथर छ । तर त्यसका कुना कुनाको चुरे र महाभारत पहाड वृक्षविहीन हुदैं गएकाले त्यहाँबाट बगेका खहरेको बालुवा र गेग्रेटा बगाएर एकातिर मधेशलाई विस्तारै अनुत्पादक मरूभूमि बनाउँदै लगेका छन् भने अर्कोतर्फ त्यहाँबाट बग्ने वर्षे-खहरे नदीका पींधमा माटो भरिएर (Silting) दायाँबायाँका खेतहरू सखाप हुदै गएका छन् । चुरेमा मानिसको ठूलो आवास नभए पनि पशु चरन र काठ दाउराको चोरीले यस्तो भएको हो । त्यसपछि उत्तर तर्फको भावर प्रदेशमा बस्नलाई अनुकूल हावापानी भएकोले अति घना बस्ती छ । फलत: उत्पादन हुने नहुने र त्यसबाट अरू खेती हुने नहुने केही विचारै नगरी केवल अन्न खेतीको प्रयोजनकालागि खोरिया खन्ने जस्ता विध्वंसात्मक कामसम्म भएका छन् । पशुपाल्ने र छाडा छाड्ने काम पनि भएका छन् ।

# दुईसाताको युद्धविराम र व्याप्त भय



सुरेशकुमार पाण्डे

ट्रमले दिएको चेतवानीलाई लिएर इरानका राष्ट्रपति मसुदले भनेका छन देशभरीका १ करोड ४० लाख सेना बनाएर अमेरिकाको प्रतिरोध गर्ने छौं । हामिले बलिदान दिन तैयार छौं तर अमेरिकाको अगाडी आत्मसमर्पण गर्न मन्जुर छैनौं । उनिहरू सडकमा उत्रिएका छन् । ठूलो पैमानामा इरानी महिलाहरू सडकमा अमेरिकन साम्राज्यवादको बिरूद्धमा आफ्नो ज्यानको प्रवाह नगरी शङ्घर्षमा उत्रिएका छन् । स्वराज रक्षाका लागि इरानी महिलाहरूले गरगहनासमेत सरकारलाई दिएको देखिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्ट्रेट अफ होर्मुज खुलाउने विषयमा दिएको समयसीमा नजिकिँदै गर्दा इरान-अमेरिका तनाव थप चर्किएको छ । यसैबीच इरानी राष्ट्रपति मसुद पेजेस्कियानले देशको रक्षाका लागि ठूलो संख्यामा नागरिक तयार रहेको बताएका छन् । अमेरिकाले दुनियाभरीका देशहरूलाई आफ्नो सिकार बनाउँदै आएको छ । अरूलाई आतङ्कवाद भन्दै आफैले त्यो भूमिका निर्वाह गर्दै आएको छ भन्ने आरोप छ । अमेरिका बोक्सी पनि आफै, धामी पनि आफै बन्दैछ ।

उसको यस्तै चाला हो भने भविष्यमा उसको बिरूद्धमा बिभिन्न देशहरू मिलेर लड्ने छन् । अहिले पनि अमेरिकालाई कुनै देशले खुलेर समर्थन दिएका छैनन् तर पनि उसले अन्य देशहरूलाई आफ्नो पक्षमा आवाज उठाउन आबहान गर्दै आएको छ । वास्तवमा ऊ विश्वमा सबैभन्दा शक्तिशाली बन्ने आकांक्षाले उसलाई एक प्रकारको हस्तक्षेपकारीका रूपमा चिनाउन थालेको छ ।

जुन देशमा उसको कुदृष्टी पर्यो त्यो देशभित्र या त उसको कठपुतली सरकार स्थापित भयो । वा, त्यो देशको तहसनहस भएको देखिन्छ । यति हुँदाहुदै पनि हाम्रा देशका नेताहरू अमेरिकी त्यस्ता शक्तिको बिषालु बल्छिमा परेका छन् । उनिहरूले क्षणीक लोभमा परेर हो वा उस्को धम्किबाट डराएर हो बिगतका दिनमा जसरी एमसीसी पारित गराएका छन् यसले हाम्रो देशलाई इतिहासको भयङ्कर घुम्तिमा पुराईदिएको छ । अहिले ट्रम्प आफै खनेको खाडलमा आफै पर्ने सम्भावना बढी देखिन्छ । यस्तै हालत छ चीनको बीआरआईमा नेपालको स्वीकृति र संलग्नता । नेपालको अस्तित्व खतरामा पर्नु कमजोर नीतिले हो ।

पूर्व उपराष्ट्रपति कमला ह्यारिसले ट्रम्पको व्यवहार अमेरिकाको सुरक्षा र सैनिकहरूको लागि खतरनाक भएको बताइन् । कांग्रेस सदस्य इल्हान उमर, रो खन्ना लगायतले २५औं संशोधन लागू गर्नुपर्नेमा जोड दिएका छन् । कैलिफोर्नियाका सांसद जिमी गोमेज र रोबर्ट गार्सियाले सभ्यता नष्ट गर्ने धम्कीलाई 'पागलपन' भनेका छन् । टेक्सासकी जुली जोन्सन र बोनी वाटसन कोलम्यानले ट्रम्पको अस्थिर र खतरनाक व्यवहारका कारण अब २५औं संशोधन प्रयोग गर्नुपर्ने बताए । उनिहरूले राष्ट्रपति ट्रमपलाई असक्षम राष्ट्रपति घोषित गरेर हटाउनसक्ने बताएका छन् । यस्तो दबाव ट्रम्पको त्यो अभिब्यिक्त बिरूद्धमा हो जसमा उनले परमाणु बमको धम्कि दिएका थिए ।

एउटा जिम्मेवार राष्ट्रपतिले परमाणु बमको धम्की दिनुभनेकै असन्तुलित मानसिकताको परिणाम हो । यस्ता ब्यक्तिलाई सत्तामा राखिरहनु भनेकै असुरक्षा हो । अन्तमा यस्ता मानसिक सन्तुलन गुमाएका ब्यक्तिले जेपनि गर्न सक्छन् ।बिगतमा उसले अन्य देशहरूमा आणविक हतियारको आरोप लगाएर धमाधम आक्रामण गर्दै आएको इतिहास छ । आक्रमणको उद्देश्य ती देशको प्राकृतिक स्रोतको दोहन हो ।

यही बिच ट्रमपले दुई साताका लागि युद्ध नगर्ने बताएका छन् । यो निर्णयपनि उनिहरूको दवाबकै कारण हुनसक्छ । जेहौस् ट्रम जस्ता ब्यक्तिहरूले विश्वमा आतङ्क फैलाउने बाहेक अरू केहि गर्न सक्दैनन् । उनिहरूलाई देशको सर्वोच्च स्थानमा बसाल्नु विश्वलाई नै खतरा छ । इरानले ४५ दिनको युद्ध बिरामको अल्टिमेटम दिएको थियो पहिलेपनि ।

अहिले अमेरिकाको हवाइ जहाज द्वारा निरक्षणपनि गरेको जानकारी थियो । तर अमेरिकाले आज तहस नहस गर्ने धम्कि दिएपनि दुइसाताका लागि उसले युद्धबिरामको घोषणा गरेको छ । त्यो मात्र होइन आफूले गर्दा ध्वस्त भएको ठिक गराईदिन्छु पनि भनेको मिडियाहरूमा आएको छ ।

अहिले आफ्नै देशका एम पीहरूकै दवाबमा उसले फेरी दुइ साताको म्यादा थपेको हुनसक्छ । तर यो अमेरिका हो जसका देखाउने दात र खाने दात भिन्दा भिन्दै छन् ।अहिले झुक्काएर पनि कतै वार गर्नसक्ने छ । किन की कुनैपनि नियम र अन्तरराष्ट्रिय कानुन नमान्ने यो छाडा प्रवृतिको साम्राज्यवादी शाशकले जेपनि गर्नसक्छ । फेरी कुनबेला के गर्छ भन्नेबारे अनिश्चित छ । यसै बिच नेतान्याहु स्पष्ट चेतावनी दिएका छन् कि प्रस्तावित दुई हप्ते युद्धविराम लेबननमा लागू नहुनेछ । इजरायलले इरानमाथि सम्भावित आक्रमण स्थगित गर्ने निर्णयलाई सर्तसहित समर्थन गरे पनि, इरानले तुरून्त अमेरिका, इजरायल र क्षेत्रीय देशहरूविरूद्धका सबै आक्रमण रोक्नुपर्ने कडा सर्त अघि सारेको छ । साथै, अमेरिकाले वार्तामार्फत इरानको परमाणु र क्षेप्यास्त्र खतरा अन्त्य गर्ने प्रतिबद्धता जनाए पनि, लेबनान मोर्चामा भने तनाव कायमै रहने संकेत दिइएको छ । अहिले पनि ट्रम्पद्वारा घोषित युद्धबिराम अनिश्चित देखिन्छ । जेहवस् यो अमेरिका र इजरायल मिलेर जुन इरान माथिको हमला हुँदैछ यो मात्र इरानमाथिको हमला होइन । अमेरिकी साम्राज्यवादले कुनै देशलाई उक्सायर आर्को देशमाथि हमला गर्न लगाउने उसको पुरानो नीति हो । अहिले पनि उसले आफ्नो स्वार्थका लागि जुनसुकै ठाउंमा आकाम्रण गर्न र गराउन सक्छ । अमेरिका विश्वमा मानवहरूको दुश्मन बनेको छ भन्नेकुरा कसैबाट लुकेको छैन् । यि साम्राज्यवादीहरू आफ्नो धनको बलमा दुनियाँका कमजोर देशहरूलाई आफ्नो अधिनमा राख्न सकेसम्मको प्रयास गर्छन् । उनिहरूलाई डर देखाएर, सहयोगको नाममा जसरी सम्भव हुन्छ ती देशहरूमा आफ्नो अधिकार स्थापित गर्ने उनिहरूको रणनीति हुन्छ । उनिहरूले त्यही गर्दै आएका छन् । उसले आफूभन्दा शक्तिसाली वा आफू बराबर कसैले गरेको रूचाउँदैनन् । त्यसैले गर्दा अमेरिका चीनलाई घेर्न लामू समयदेखि प्रयास गर्दैछ । त्यसैले उसले आफ्नो सैनिक कैम्प नेपालमा राखेर चीनलाई निशाना लगाउने योजनामा एमसीसी जस्ता राष्ट्रघाती सम्झौताहरू लादेको चर्चा व्याप्त छ ।

सवाल दुश्मनले के लाध्यो त्यो होइन बरू सवाल त आफ्नाले दुश्मनको चालबुझ्न सकेनन् वा बुझेर पनि बुच पचाए भन्ने नै हो । नीतिको कमजोरी हो । स्वराजप्रतिको चिन्ता र चासोको कमी हो । यदि नेताहरूले विदेशीको चाल बुझेको हुन्थेभने त्यसको प्रछाइँ समेत पर्न दिनेथिएनन् । नेपाली नेताहरू त यतिसम्मका छन् कि उनीहरूमाथि फ्रड भनेर विदेशीले खुलेआम भनिरहेका छन् ।

सत्ता र आर्थिक लोभमा परेर उनिहरूले देशलाई इतिहासको त्यो चौबाटोमा लिएर उभ्याइ दिएकाछन् जहाँबाट पछि हट्नु वा अगाडी बढ्नु दुबै खतरनाक छ । अहिले देशप्रेमीले के गर्दा आफ्नै देशको रक्षा गर्न सकिन्छ के गर्दा आफ्नो स्वाभिमानको रक्षा हुनसक्छ ? त्यस प्रति चिन्तित् हुनुपर्ने देखिन्छ । जेनजी नामको सरकार सचेत होला ?

अहिले ट्रम्प भन्दैछन् इरानलाई ध्वस्त बनाई दिन्छौँ । ट्रम्प आफूलाई शान्तिदूतका रूपमा व्याख्या गर्छन्, कतिपय युद्ध रोकिदिएको पनि सुनाउँछन् । तिनै ट्रम्पले ध्वस्तपार्ने भाषा बोल्नु शक्तिको दुरूपयोग होइन र ?

राष्ट्रसंघ, मानव अधिकारवादीहरूले यस्तो आत्माघाती विनासकारी परमाणु तथा आणविक हात हतियार बम किन बनाउने अनुमती दिन्छन् ? किन यसरी निर्दोष जीवजन्तूहरूको अकारण काल बनेका हुन्छन् ? अब यसबारेमा पनि सचेत र सम्वेदनसिल बन्नुपर्छ की ? कहिलेसम्म यस्तो खौफको सायामा बाँच्ने मानव समाज ? फेरी फेरि यस प्रकारका भाषा बोल्ने नेता देख्नु नपरोस्, ट्रम्प साँच्चै विश्वशान्तिको दूत बनेको देख्न पाइयोस् । महा विनासकारी हात हतियारमाथी प्रतिबन्ध हुनैपर्छ, मानवाधिकार बाँच र बाँच्न देऊ हो । बुद्ध सबैलाई सद्बुद्धि देऊ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन नगरौं, क्यान्सरलगायत नसर्ने रोगबाट बचौं**

**धूमपान भनेको के हो ?**

- धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो । चुरोट, बिँडी, तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो ।
- धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्व पाइन्छन् । तीमध्ये ६९ भन्दा बढी तत्वले क्यान्सर गराउँछ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर**

- मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मूत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ ।
- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने, मृत बच्चा जन्मने आदि गराउँछ ।
- धूमपानको धुँवाले वर्षेनी धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ । नजिक बसेकै कारणले विश्वमा वर्षेनी १३ लाख मानिसको मृत्यु हुने गरेको छ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय**

- साथीभाइको लहैलहैमा नपरौं ।
- दीर्घकालीन असरको मनन गरी कूलतमा नफसौं !
- धूमपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं !
- सार्वजनिक स्थलमा धूमपान नगरौं !
- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं !

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य कर कोषको सचिवालय**
रामशाहपथ, काठमाडौं



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८३ वैशाख १, Apr. 14, 2026





अन्तिम पातो - शाश्वत शर्मा

## नेपाल निर्माता सम्झने सरकारले राजालाई स्थान देओस्

नयाँ वर्ष २०८३ को सबै राष्ट्रभक्तहरूमा हार्दिक मंगलमय शुभकामना । ऐतिहासिक निर्णय गर्ने जेनजी पुस्ताको सरकारलाई पनि सफलताको शुभकामना ।

बालेन सरकारले राज्यका सबै सञ्जालमा राष्ट्रपति र प्रधानमन्त्रीको फोटो राख्ने परम्परा तोड्दै नेपाल निर्माता पृथ्वीनारायण शाहको फोटो सजाउन परिपत्र जारी गरेको खबर छ । केही दिन अघि प्रधानमन्त्री बालेन साहले चुच्चे नक्साका सामु उभिएर नेपालमा कार्यरत सबै विदेशी कूटनीतिज्ञहरूलाई सामुहिक भेट गरेर आफ्नो देशभक्ति देखाएका छन् । हुस्सु बनेका भारतीय राजदूतले पनि चुच्चेनक्साकै सामु प्रम बालेन साहसँग फोटो सेसन गरे, जसको तरङ्ग दिल्लीसम्म पुग्यो ।

हुन त बालेन साहको पार्टीले संसदबाटै जनजातिहरूमाथि भएको दमनप्रति शिर झुकाएर माफी मागेको छ भने बालेन सरकारले पनि माफी माग्ने निर्णय गरिसकेको छ । यो खबर भारतको संसदमा गुञ्जियो र माफी पार्टी र प्रधानमन्त्री भनेको रास्वपा र बालेन साहजस्तो हुनुपर्छ भनेर हंगामा नै भएको पनि देखियो ।

पूर्वराजाको पारम्परिक नयाँ वर्षको सन्देश सदाझैंअ र्थपूर्ण रह्यो । राष्ट्र र राष्ट्रवासीप्रतिको चिन्ता र चासो सन्देशमा प्रकट भयो । पुराना दलहरूप्रति आक्रोसित जनताले मौन र मत बिद्रोह गरेर रास्वपाको सरकार गठन भएको छ । जनताको यो अन्तिम आशा र भरोसाको सरकार मानिएको छ । यो जेनजी पुस्ताको सरकार भएकोले यसलाई असफल हुने छुट छैन । राष्ट्रको अस्तित्वलाई पुनारा दलहरूले संकटमा फसाएकाले यो नयाँ सरकारले तारणहारको काम गर्नुपर्नेछ । त्यही कामका लागि जनताले काँधैभरि जनादेशको भारी बोकाइदिएका छन् । यो ऐतिहासिक जनविश्वासलाई कायम राख्नु र परिवर्तन गरेर देखाउने चुनौती छ । कांग्रेस, नेकपा, एमाले म्याद नाघेको औषधिसरह भइसकेका छन् । जे कारणले पुराना दलहरू असफल भए, जनताको विश्वास गुमाउन पुगे, बालेन सरकारले ती सबै कमजोरीको पोष्टमार्टम गर्नुछ, जनअपेक्षालाई संवोधन गर्नुछ । बालेन सरकारलेसंविधान संशोधनको प्रकृया सुरू गरेको छ । बहस अघि बढेको छ । सबे राजनीतिक शक्तिहरूसँग छलफल अघि बढाएको छ । एकातिर भ्रष्टाचारमाथि प्रहार, अर्कोतर्फ सुशासनको प्रत्याभूति साथसाथै संविधान संशोधनको बहस । रोजगारीको सिर्जनामा विशेष योजना तैयार हुँदैछ । बालेन साह एक्सनमा उत्रिसकेका छन् । उनी बोल्न, भाषण गर्न होइन, काम गर्न अग्रसर छन्, त्यही चरित्र देखाइरहेका छन् । देशले खोजेको चमत्कारिक र चित्ताकर्षक भाषण होइन, परिणाममुखी काम हो ।

संविधान लेख्दा हिजो अवैध तरिका अपनाइयो । जारी गर्दा पनि जनताको सुझावलाई बेवास्ता गरियो । अब त्यस्तो नहोस् । जनताले राजतन्त्रसहितको प्रजातन्त्रको पक्षमा हिजो आफ्नो सुझाव दिएका थिए । संविधान संशोधनमा निश्चय नै देशभरिका जनताको सुझाव मागिनेछ । जुन प्रधानमन्त्री बालेन साहले नेपाल निर्माताको फोटो राज्यसञ्जालमा सजाउन लगाए, उनले राजतन्त्रको महत्व बुझेका छन्, राजतन्त्रलाई यथास्थान, सम्मान दिन उनी पछि पर्नेछैनन् ।

संसदको उपसभामुखमा श्रम संस्कृति पार्टीलाई जिताएको रास्वपा अब पूर्ण दुई तिहाईको शक्तिशाली बनेको छ । त्यसमाथि राजतन्त्र र हिन्दुराष्ट्रको एजेण्डा अघि सार्दा राप्रपा खुशीसाथ समर्थनमा आउने छ भने मधेश हर्षित हुनेछ । मात्र संघीयता खारेज हुनुपर्छ, संघीयतामा खर्च हुने खरवौं बजेट पालिकाहरूमा बिनियोजन गरेर विकास निर्माण र रोजगारी सिर्जनामा लगाउनु पर्छ । हिजो राजतन्त्रमाथि निषेध, विभेद र प्रतिषोधपूर्ण दृष्टिकोण राख्दा पुराना दलहरू असफल भए । राजनीतिक मुद्दाहरू अल्झिदै र बल्झिदै गएका थिए । जनतामा बढ्दो आक्रोसको मुख्य कारण कुशासन, भ्रष्टाचार, नैतिकहीनता, राजतन्त्र र हिन्दुराष्ट्रविरोधी दलीय सोच थियो, त्यस्तो कमसल सोच हटाएर नेपाल निर्माताका सन्तानलाई अभिभावकीय स्थानमा सम्मानित गर्दा अधिकांश राजनीतिक मुद्दाहरू समाधान हुने र सुशासनमा पनि बल मिल्ने, कूटनीतिक क्षेत्रमा समेत सकारात्मक प्रभाव देखिने निश्चित छ ।

राजासहितको प्रजातन्त्र भन्दै हिन्दु र राजतन्त्रवादीले घण्टीमा मतदान गरेकै हुन् । गत फागुनको रामनवमीको साइत छोपेर प्रधानमन्त्रीको शपथ खाएका बालेन साहले प्रदूषित राजनीति र शासन प्रशासनलाई शुद्धीकरण गर्नुछ । निर्मलीकरण गरेर परिवर्तन देखाउनु छ । हिजोका पार्टीहरूले लोकप्रिय भाषण गरे, काम केही पनि गरेनन् । बालेन सरकारले आशलाग्दा निर्णय र काम थालेको छ । प्रचारमा त प्रम बालेन र पार्टी अध्यक्ष रवि लामिछानेवीच फाटो आइसकेको भनिन्छ । यो बिरोधी पार्टीको मनसाय सावित होस्, रास्वपाले परिवर्तन ल्याएर छाडोस् । जनताको चाहना छ, हिंसा र गुण्डागर्दीको अन्त होस्, सुरक्षा कायम होस् । टोले गुण्डा होइन, राष्ट्रिय ढुकुटी लुट्ने लुटाहहरू एक एकलाई पक्राउ गरेर कारवाही गरोस् । बालेन सरकार काम गर्न खुब हतारिएको छ, जेनजी ७६ जना मार्ने तत्कालीन प्रम ओली र गृहमन्त्री रमेश लेखकमाथिको कारवाहीमा लतरपतर हुनपुग्यो । त्यस्तो कमजोरी अन्य कारवाहीमा नहोस् । रास्वपाले बाचापत्र र नागरिक करारमार्फत आशा देखाएको छ, ती सबै आशालाई पूर्णता दिनु रास्वपाको लाइफ लाइन भने पनि हुन्छ । शय दिन चाहिदैन, पलपल खबरदारी खोज्ने रास्वपाले परिणाम देओस् ।

# प्रम बालेनको सत्तानीति र कूटनीतिमा गजबको सुधार



प्रम बालेनको सत्तानीति र कूटनीतिमा सुधार, सर्वत्र चर्चामा छ । प्रधानमन्त्रीको बेडरूमसम्म पुग्ने विचौलिया, सांसद, कूटनीतिज्ञहरू हिस्स हुनपुगेका छन् । प्रम बालेनले निवासमा सांसदलाई समेत आउन रोक लगाइदिएका छन् । विहानै ८ बजे नै मन्त्रालय पुग्ने र राज्यका काम गर्ने उनको प्रकृयाले वाहवाही पाएको छ ।

नातावाद भन्ने मन्त्रीलाई १३ दिनमै हुत्याइदिए । उनको संकेत छ, कुनै पनि मन्त्रीले नातावाद नभनुन्, स्वार्थ नहेरून् । बहुमतको सरकारले हुने विरूवाको चिल्लोपातको संकेत देखाएको छ । जहिले भो उही भ्रष्टाचारी नेतालाई जिताउने जनता दोषी हुन् भनिन्थ्यो, यसपल्ट जनताले सही निर्णय दिएका छन् । चुनावका समयमा मेची, महाकाली पुगेर प्रम बालेन साहले जुन आशा जगाएका थिए, ती पूरा गर्ने परीक्षा सुरू भएको छ । बालेन साहले जुनसुकै पार्टीका हुन्, क्षेत्र क्षेत्रका जनप्रतिनिधिसँग अन्तरकृया गरेका छन्, चाहिएको के हो, बुझेका छन् ।

यसैवीच गत चैत २६ गते प्रम बालेन साहले १६ जना विदेशी राजदूतहरूलाई कार्यालयमा सामुहिक भेट गरे, परिचय आदान प्रदान गर्दै नेपाल सरकारको अपेक्षा सुनाएका छन् । आपसी विश्वास जगाउने 'भियाना प्रोटोकल' जगाउने महत्वपूर्ण सन्देश थियो यो । बालेनको चमत्कारिक उदय विश्वचर्चित थियो, नेपालमा रहेका कूटनीतिज्ञहरू पनि भेटेर डाइनामिक लिडर हुने बालेन भन्दैछन् ।

प्रशासनमा सुधार, संवैधानिक निकायहरूमा सुधार र मित्रराष्ट्रहरूसँगको सम्बन्धमा सुधार, प्रम बालेनको प्राथमिकतामा परेको छ । अनुशासन र इमानदारिता बालेन सरकारको कसी बनेको छ । यही कसीमा राजनीतिक नियुक्ती पाएका राजदूतहरू फिर्ता बोलाइएका छन् । अब हुने नियुक्ती योग्यताका आधारमा हुने सन्देश हो यो ।

नेपालमाथि फ्रडको आरोप छ । ग्रेसूचीमा नेपाल परेको छ । नेपालको वायुयान युरोपमा उड्न पाउँदैन । विश्वसमुदायले पत्याउन छाडेको छ । नेपाल मजदूर उत्पादन गर्ने र मानव बेचबिखन गर्नेसम्मको राष्ट्र बन्नपुगेको छ । यी सबै अपमानका बुँदाहरूलाई प्रम बालेनले सच्याउन सुरू गरेका छन् । जेनजी सरकारमा अनुभव छैन, उत्साह र हौसला छ । उनीहरू परिपक्व बन्दैजाने आशा छ ।

ओली र लेखक गिरफ्तारी र अदालतले छोड्न दिएका आदेशबाट बालेन सरकारले धेरै कुरा सिकेको हुनुपर्छ । ललिता निवास जग्गाप्रकरणदेखि गिरिबन्धु, वाइडबडी खरिदलगायतका अनेक फाइल खुलेका छन्, अनुसन्धान हुँदैछन् । पूर्व प्रम देउवा दम्पतीमाथि रेडकर्नर नोटिस जारी हुँदैछ । प्रतिषोध नहोस्, कानुनतः भ्रष्टाचारको अनुसन्धान र कारवाही हुनैपर्छ, जनताको अपेक्षा हो यो ।

जनताबाट पुराना दलहरू जो ३७ वर्षदेखि सत्ताको चलखेलमा थिए, तिनीहरू जनताबाट अस्वीकृत हुनुको कारण भ्रष्टाचारी र नेपोटिजमवादी भएर हो । २०६३ देखि नै राजसंस्थाप्रति निषेध र प्रतिषोध साधियो, राजनीतिक शक्ति मानिएन, जसको प्रतिफल पुराना दलहरू निर्वाचनबाट सन्निपात लागेजस्तो हुनपुगे । बालेन सरकारले फरक मतलाई सम्मान गरोस्, जनअपेक्षा नबिर्सियोस् । प्रजातन्त्रको विकल्प छैन, खोजिनु पनि हुन्न । तर राजतन्त्रात्मक प्रजातन्त्र माटो र हावापानी सुहाउँदे हुनेछ । यसतिर रास्वपाले ध्यान दिनैपर्छ ।

२०४६ सालपछिका नेता र पार्टीको पदचिन्ह दलदल हो । यस्तो दलदल रास्वपाका लागि बर्जित हुनुपर्छ । राष्ट्रियता र प्रजातन्त्र भन्दाभन्दै कांग्रेस कम्युनिष्टको पछि लाग्यो र भ्रष्टाचारको दलदलमा हात्ती भासिएझैं भासिन पुग्यो । कम्युनिष्ट त भासिनु नै थियो, किनकि कम्युनिष्टहरूले राजनीतिलाई व्यापार बनाएका छन् । रास्वपा राजनीतिक मूलधार बन्नुमा पुराना पार्टी जनविरोधी हुनु हो, रास्वपाले जनताको मुद्दा बोक्दा जनताले विश्वास गरेका हुन् । प्रजातन्त्रको शक्ति जनविश्वास हो । जनता राष्ट्र हुन्, अन्तिम निर्णय जनताकै हुनेगर्छ । जनता जनार्दन मानिन्छ ।

बहुमतका सरकारहरू बिबादमा टुक्रिने गरेका छन् । यस्तो खबर सुन्नु नपरोस् । ५ वर्षपछिको चुनावमा जनताले मूल्यांकन गर्नेछन् । मुख्य कुरा हिजोका नेताहरूले बिदेशी हस्तक्षेपको पक्षधर भए, आज किनारामा पुगे । त्यस्तो नियतिबाट बालेन सरकार र रास्वपाले शिक्षा लेओस् । विपक्षीहरू त रास्वपामा बिबाद होस्, टुक्रियोस् भन्ने नै हुन्छ, बालेन र रविले फुकी फुकी कदम चाल्नुपर्ने देखिन्छ ।

### *एउटा उदाहरण : बालेन र रविका लागि*

***मुगल साम्राज्य कालमा हुमायु सम्राट् थिए ! एकदिन शिकारबाट फर्कने क्रममा नदी तर्दा उनी नदीमा डुबे ! एउटा माझीले उनलाई बचायो ! खुशी भएका सम्राट् हुमायुले माझीलाई के माग्छस माग भने , माझिले एकदिन सम्राट् हुन पाउँ भनेर माग्यो ! हुमायुले मागेजस्तै माझीलाई एकदिनका लागि सम्राट् बन्ने बक्सिस दिए ! माझी सम्राट् बस्ने गद्दीमा बस्यो ! उसलाई के गरूँ, के गरूँ भएर छालाको टक चलाउन आदेश दियो । त्यो टक २४ घण्टा चल्यो ! यसबाट के देखिन्छ भने औकात भन्दा माथिको जिम्मेवारी दिइयो भने यस्तै उटपट्याङ काम मात्र गर्छ ! हाम्रो लोकतन्त्र त्यही माझीको तालमा चल्दै आयो ३७ वर्षसम्म !***

***मगध साम्राज्यका दम्भी नेतृत्वमा रहेका महानन्द प्रवृत्तिलाई परास्त गर्नसक्ने चन्द्रगुप्त मौर्यको जस्तो साहसी र चाणक्यको जस्तो चातुर्य वर्तमान नेपालको आवश्यकता हो, त्यस्तो योग्यताको प्रतिक्षा थियो, नेपालले पाएकै हो त ?***

## राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं

**अर्थतन्त्र मापनको लागि आर्थिक गणना**

- आर्थिक गणना किन ? देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- गणना अवधि : २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्ने : सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवा प्रदायक निकायहरू ।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ ।
सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

